# गलकोटपत्र

'स्थानीय सञ्चार, समुदायका लागि शक्ति र अवसर'

Galkotpatra Weekly — साप्ताहिक

○ वर्ष १६ ○ अङ्क २९ ○ २०८३ भदौ २२ गते सोमबार ○ नेपाल संवत ११४६ ○ 07 September 2026, Monday ○ पृष्ठ ६ ○ मूल्य रु. ८







## गलकोट नगरपालिकाको कार्यक्रम सार्वजनिक

गलकोटपत्र/हटिया

गलकोट नगरपालिकाको गत आर्थिक वर्ष २०८२/०८३ को वार्षिक समीक्षा तथा चालु आर्थिक वर्ष २०८३/०८४ का शाखागत कार्यक्रम सार्वजनिक गरिएको छ ।




गलकोट नगरपालिकाको आयोजनामा सम्पन्न कार्यक्रममा नगरपालिका अन्तर्गतका विषयगत शाखाले गत आर्थिक वर्षमा सम्पन्न गरेका काम, हासिल भएका उपलब्धि, बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था र आगामी दिनमा गर्नुपर्ने कामका विषयमा समीक्षा गरिएको थियो ।

कार्यक्रममा गलकोट नगरपालिकाका नगरप्रमुख भरत शर्मा गैरेले नगरपालिकाले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार विकास, सामाजिक विकासलगायतका क्षेत्रमा सञ्चालन गरेका कार्यक्रमको प्रभावकारी कार्यान्वयनसँगै आगामी दिनमा विकासका कामलाई थप व्यवस्थित र परिणाममुखी बनाउनुपर्नेमा जोड दिएका थिए । उनले नगरपालिकाले सीमित स्रोत र साधनका बीच नागरिकका आवश्यकता र अपेक्षालाई प्राथमिकतामा राखेर काम गर्दै आएको बताउनुभयोँदै आगामी दिनमा पनि जनमुखी तथा दिगो विकासलाई प्राथमिकता दिइने प्रतिबद्धता गरेका थिए ।

नगरपालिकाका उपप्रमुख फमलाल निउरेले नगरपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको नियमित समीक्षा आवश्यक रहेको बताएका थिए । उनले वार्षिक समीक्षा कार्यक्रमले विगतका कामको मूल्याङ्कन गर्दै आगामी कार्यक्रमलाई अझ प्रभावकारी बनाउन सहयोग पुग्ने उल्लेख गरेका थिए । नगरउपप्रमुखले नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माण तथा सेवा प्रवाहका कामलाई पारदर्शी, जवाफदेही र नागरिकमैत्री बनाउन सबै शाखा तथा सरोकारवाला पक्षको महत्वपूर्ण भूमिका रहने बताए ।

कार्यक्रममा गलकोट

»» बाँकी पृष्ठ ४ मा"

## स्वास्थ्य शाखाको वार्षिक समीक्षा

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका स्वास्थ्य शाखा तथा नगरपालिका मातहतका स्वास्थ्य संस्थाहरूले आर्थिक वर्ष २०८२/०८३ मा प्रदान गरेका स्वास्थ्य सेवा तथा सञ्चालन गरेका कार्यक्रमहरूको वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको छ ।

कार्यत्रमा गलकोट नगरपालिकाका नगरप्रमुख भरत शर्मा गैरेले स्वास्थ्य सेवा नागरिकको प्रत्यक्ष जीवनसँग जोडिएको महत्वपूर्ण क्षेत्र भएकाले नगरपालिकाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्दै आएको बताउनुभयो । उहाँले स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर, पहुँच र प्रभावकारिता बढाउन आवश्यक रहेको उल्लेख गर्दै उपलब्ध स्रोतसाधनको प्रभावकारी परिचालन गरी नागरिकलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्यकर्मीहरूलाई आग्रह गरेका थिए ।

नगरप्रमुख गैरेले विगतका वर्षमा सञ्चालन गरिएका स्वास्थ्य कार्यक्रमको समीक्षा गर्दै देखिएका कमजोरी सुधार गर्ने र प्रभावकारी कार्यक्रमलाई निरन्तरता दिँदै आगामी दिनमा स्वास्थ्य क्षेत्रलाई थप व्यवस्थित र परिणाममुखी बनाउँदै लैजानुपर्नेमा जोड दिए ।

नगर उपप्रमुख फमलाल निउरेले स्वास्थ्य संस्थाहरूले नागरिकलाई प्रदान गर्ने सेवामा थप सुधार गर्दै सेवाग्राहीमैत्री वातावरण निर्माण गर्नुपर्ने बताए । उनले स्वास्थ्य क्षेत्रमा सञ्चालन भइरहेका कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गरी आवश्यकताका आधारमा आगामी योजना तथा कार्यक्रम अघि बढाउनुपर्नेमा जोड दिनुभयो । नगरपालिकाले स्वास्थ्य सेवाको पहुँच विस्तारसँगै गुणस्तरीय सेवा प्रवाहका लागि आवश्यक सहजीकरण र सहयोग गर्दै जाने उनको भनाइ थियो ।

कार्यक्रममा स्वास्थ्य शाखा तथा मातहतका स्वास्थ्य संस्थाहरूले आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन गरेका विभिन्न स्वास्थ्य सेवा, कार्यक्रम तथा गतिविधिहरूको विवरण प्रस्तुत गरिएको थियो । प्रस्तुतिका क्रममा स्वास्थ्य संस्थाहरूबाट प्रवाह भएका सेवा, सेवा लिने सेवाग्राहीको अवस्था तथा कार्यक्रम कार्यान्वयनका उपलब्धिहरूबारे जानकारी गराइएको थियो ।

स्वास्थ्य सेवा प्रवाह तथा कार्यक्रम सञ्चालनका क्रममा देखिएका चुनौती, समस्या समाधानका लागि गरिएका नवीनतम प्रयास तथा आगामी दिनमा स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न अपनाउनुपर्ने उपायका विषयमा समेत छलफल गरिएको थियो । कार्यक्रममा चालु आर्थिक वर्ष २०८३/०८४ का लागि स्वास्थ्य क्षेत्र अन्तर्गत सञ्चालन गरिने कार्यक्रम तथा कार्ययोजनाका

»» बाँकी पृष्ठ ४ मा"

## गलकोट तीज उत्सव स्थगित

गलकोटपत्र/हटिया

सामुदायिक रेडियो गलकोटको आयोजनामा विगतका वर्षहरूदेखि निरन्तर रूपमा सञ्चालन हुँदै आएको १० औं गलकोट तीज उत्सव २०८३ यस वर्ष स्थगित गरिएको छ ।

नेपाली महिलाहरूको महत्वपूर्ण पर्व हरितालिका तीजको अवसरमा सामुदायिक रेडियो गलकोटले प्रत्येक वर्ष विभिन्न सांस्कृतिक कार्यक्रमसहित तीज उत्सव आयोजना गर्दै आएको थियो ।

स्थानीय कला, संस्कृति तथा मौलिक परम्पराको संरक्षण र प्रवर्द्धनसँगै तीज पर्वलाई सामाजिक तथा सांस्कृतिक रूपमा मनाउने उद्देश्यले रेडियोले विगतदेखि नै तीज उत्सव कार्यक्रम सञ्चालन गर्दै आएको थियो ।

यही भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण ठूलो मानवीय तथा भौतिक क्षति भएपछि यस वर्षको तीज उत्सव कार्यक्रम स्थगित गर्ने निर्णय गरिएको हो ।

भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लामा ठूलो जनधनको क्षति हुनुका साथै थुप्रै परिवार विस्थापित भएका छन् । बाढीपहिरोबाट प्रभावित नागरिकहरू दुःख, पीडा र कठिन परिस्थितिबाट गुज्रिरहेको अवस्थामा उत्सव तथा मनोरञ्जनका कार्यक्रम सञ्चालन गर्नु उपयुक्त नहुने निष्कर्षसहित कार्यक्रम स्थगित गरिएको सामुदायिक रेडियो गलकोटका अध्यक्ष वीरेन्द्र श्रेष्ठले जानकारी दिए । विपद्को यस संवेदनशील घडीमा प्रभावित नागरिकहरूप्रति ऐक्यबद्धता जनाउँदै उनीहरूको राहत, उद्धार तथा पुनःस्थापनामा सबैको ध्यान केन्द्रित हुनुपर्ने भएकाले तीज उत्सव स्थगित गरिएको श्रेष्ठले बताए । विगतका वर्षहरूमा तीजको अवसरमा महिलाहरूको सहभागितामा विभिन्न सांस्कृतिक प्रस्तुति, नृत्य तथा मनोरञ्जनात्मक कार्यक्रम आयोजना हुँदै आएका थिए ।

यद्यपि, यस वर्ष प्राकृतिक विपद्का कारण सिर्जिएको असहज परिस्थितिलाई मध्यनजर गर्दै नियमित रूपमा हुँदै आएको कार्यक्रमलाई निरन्तरता नदिने निर्णय गरिएको हो ।

## हटियामा लाखे नाच प्रदर्शन

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नम्बर ३ हटियाका नेवार समुदायले श्रीकृष्ण जन्माष्टमीको अवसरमा लाखेनाच प्रर्दशन गरेका छन् ।

गलकोटको हटियामा बसोबास गर्दै आएका नेवार समुदायले आफ्नो परम्परा अनुसार लाखेनाच प्रदर्शन गरेका हुन् । लाखेनाच गलकोटको वर्षेजात्राको मुख्य आकर्षण हो । गठेमङ्गल देखि सुरु गरिएको लाखे नाच श्रीकृष्ण जन्माष्टमीको अवसरमा पनि प्रदर्शन गरिएको हो ।

यद्यपि वर्तमानमा गठेमङ्गल, नागपञ्चमी, हरेलो, जनै पूर्णिमा, कृष्ण जन्माष्टमीमा विशेष प्रदर्शन गरिन्छ । श्रीकृष्ण जन्माष्टमीको अवसरमा गलकोट नगरपालिका वडा नम्बर ३ हटियाका नेवार समुदायले गलकोटको श्रेष्ठ चोकबाट सुरु भएको लाखे नाच जिपपार्क, लोकतन्त्र चोक, बिच बजार, गणतन्त्र चोक लगायतका ठाँउमा प्रदर्शन गरेका थिए । पछिल्लो समय गलकोटमा नियमित लाखे नाच प्रर्दशन नभई बिभिन्न बिशेष मेला तथा पर्बमा मात्रै गर्ने गरिएको छ । वर्षे जात्रालाई विशेष धार्मिक अनुष्ठान गरि भोली समापन गरिने नेवा खल गलकोटका कोषाध्यक्ष श्यामसुन्दर श्रेष्ठले जानकारी दिए ।

लाखे नाचबाट उठेको रकम गत भदौ १० गते भोटेकोशीमा आएको बाढीबाट प्रभावित भएका नागरिकलाई उद्धार गर्ने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको नेवा खल गलकोटका अध्यक्ष प्रनाथ श्रेष्ठले बताए ।

## तीन वामको अन्तरसंवाद

गलकोटपत्र/हटिया

बागलुङका तीन वटा वामपन्थी पार्टीको संयुक्त अन्तरसंवाद शनिवार हटियामा सम्पन्न भएको छ ।

गत फागुन २१ गते भएको संघीय संसदको निर्वाचनमा नेपाली जनताले नपत्याए पछि नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टी सहित राष्ट्रिय जनमोर्चा बागलुङमा पुनः सहकार्यको आधार खोज्दै एउटै टेबलमा बसेका छन् ।

केन्द्रमा तीन वाम शक्तिका शीर्ष नेताबीच सहकार्य गर्ने सहमति भएको करिब एक महिनापछि बागलुङका नेताहरूले पहिलो पटक संयुक्त बैठक गरेका हुन् । हटियामा बसेको बैठकले विगतका कमी–कमजोरीको समीक्षा गर्दै आगामी दिनमा सहकार्य, समन्वय र संयुक्त पहलकदमीलाई थप प्रभावकारी बनाउने निर्णय गरेको छ ।

केन्द्रमा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली, नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र राष्ट्रिय जनमोर्चाका महामन्त्री मोहनविक्रम सिंहले हस्ताक्षर गरेको सहमति पत्रमा लुम्बिनी प्रदेश सरकार गठन तथा विकास निर्माणका कार्यक्रममा सहकार्य गर्ने र राष्ट्रिय स्वाधीनता, संविधान तथा गणतन्त्रको पक्षमा एवं प्रतिगमनका विरुद्ध आन्दोलनमा सहकार्य गर्ने उल्लेख छ ।

सोही सहमतिको स्थानीय कार्यान्वयनको आधार खोज्दै बागलुङमा भएको बैठकमा तीनै दलका नेताहरू सहभागी भएका थिए । नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय समिति सदस्य फमलाल निउरेको संयोजकत्वमा गलकोटमा बैठक बसेको हो ।

पछिल्लो सहकार्यलाई केवल चुनावी तालमेलका रूपमा नभई राजनीतिक सहकार्यको नयाँ सुरुवात बनाउने प्रयास भइरहेको वैठकका एक सहभागीले बताए । गलकोट बैठकले विगतमा भएका कमी–कमजोरीको समीक्षा गर्दै आगामी कार्ययोजनामा थप छलफल, सहकार्य र सहमति गरी अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याएको छ ।

तीन दलबीचको पछिल्लो जमघटको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको सहकार्यलाई चुनावको मुखमा गरिने तालमेलमा मात्र सीमित नगर्ने संकेत हो ।

»» बाँकी पृष्ठ ४ मा"


गलकोट अफसेट प्रेस

उच्च गुणस्तरीय छपाई र उत्कृष्ट ग्राहक सेवाको लागि सदैव हामीलाई विश्वसनीय साथीको रुपमा सम्झनुहोस् ।

गलकोट नगरपालिका-३ क्याम्पसगेट हटिया बागलुङ




अफसेट छपाई | व्यानर छपाई | सेल्फ स्ट्याम | टाइपिङ, फ्टोकपी | टी-शर्ट प्रिन्ट | लेमिनेसन | ग्राफिक्स डिजाइन

विवाह कार्ड छपाई गर्ने ठाँउ !

कार्यक्रमका प्रमाण-पत्र, व्याच, मायाको चिनो, फ्रेम, मेडल, ट्रफी, लगायत सम्पूर्ण सामाग्रिहरु पनि उपलब्ध छन् ।

प्रो. ज्ञान खड्का सागर

फो. ०६८-४१७०७१, ९८५७६१३३७१

नयाँ नेपाल निर्माणको लागि ग्रामीणमुखी पत्रकारिता

सम्पादकीय ............

# तीजको शुभकामना

नेपालमा भदौ १० गते आएको विनासकारी बाढीका कारण विभिन्न स्थानमा जनजीवन असहज बनेको छ । बाढीका कारण धेरैको ज्यान गएको छ । कतिपय परिवार विस्थापित भएका छन् भने धनजनको क्षतिसमेत भएको छ । यस्तो दु:खद् र संवेदनशील परिस्थितिमा हामी सबैले आ–आफ्नो ठाउँबाट सहयोग र मानवीय संवेदना देखाउनु आवश्यक छ। नेपाली महिलाहरूको सांस्कृतिक पर्व हरितालिका तीज हाम्रो घरदैलोमा आइपुगेको छ । तीज धार्मिक तथा सांस्कृतिक पर्व मात्र नभई आपसी सद्भाव, प्रेम र एकताको सन्देश दिने पर्व पनि हो। तर विपद्को यस्तो अवस्थामा तीजका नाममा हुने अनावश्यक खर्च, तडकभडक र सामूहिक भोजलाई प्राथमिकता दिनु उचित देखिँदैन । बरु त्यस्ता खर्चलाई बाढीपीडितको उद्धार, राहत तथा पुन:स्थापनामा प्रयोग गर्न सके तीजको सामाजिक महत्व अझ बढ्नेछ । सामुहिक भोजमा हुने खर्चबाट वाढी प्रभावितलाई सहयोग गर्न सकेमा पीडितलाई राहत हुने छ ।

यस वर्ष तीजलाई भड्किलो र खर्चिलो नभई सरल तथा सभ्य ढङ्गले मनाऔँ। सामूहिक भोज तथा अनावश्यक जमघट नगरी त्यसका लागि छुट्याइएको रकम विपद्मा परेका परिवारलाई खाद्यान्न, कपडा, औषधि तथा अन्य आवश्यक सामग्री उपलब्ध गराउन प्रयोग गरौँ। आफ्नो क्षमताअनुसार राहत कोषमा सहयोग गरौँ र उद्धार तथा राहत कार्यमा जुटिरहेका सरकारी तथा गैरसरकारी निकायलाई सहयोग गरौँ।

विपद् कसैको मात्र समस्या होइन, यो सम्पूर्ण समाजको साझा चुनौती हो। दु:खमा परेका नागरिकलाई साथ दिनु हाम्रो सामाजिक तथा मानवीय दायित्व हो । त्यसैले यसपटकको तीजले मनोरञ्जनभन्दा मानवीयता, खर्चभन्दा सहयोग र तडकभडकभन्दा सादगीको सन्देश दिन सकोस्। सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा तीजको हार्दिक शुभकामना व्यक्त गर्दै, विपदमा उद्धार र राहतमा जुटौँ, सामूहिक भोज नगरी तीज मनाऔँ भन्ने भावनालाई व्यवहारमा उतार्न सबैमा हार्दिक आह्वान गर्दछौँ। विपदमा परेका नागरिकको मुहारमा खुसी ल्याउन सक्नु नै यस वर्षको तीजको सबैभन्दा ठूलो उत्सव हुनेछ।

नेपाली महिलाको कथा व्यथा बोकेकोतिज पर्वलाई मानवता, राहत र उद्दारसँग जोडनु पर्दछ । तिजमा हुने फजुल खर्चलाई वाढी प्रभावितको पीडामा मलम लगाऔं । अहिले पनि देशै भरका महिला समूह, विद्यार्थी, विद्यालय, सरकारी तथा गैर सरकारी संघसंस्था, आमा समुहले तिजको खर्च कटाउदै बाढीपिडीतलाई सहयोग गरेका छन यो नेपाली समाजको मौलिक सन्देश पनि हो । नेपालीहरु आपतविपदमा एक अर्कालाई सहयोग गर्छन भन्ने राम्रो सन्देश पनि दिएको छ । ँ, विपदमा उद्धार र राहतमा जुटौँ, सामूहिक भोज नगरी तीज मनाऔँ । हरितालिका तीज पर्व २०८३ को सबैलाई शुभकामना ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

बागलुङ जिल्ला कोड नं. ०६८

जिल्ला प्रशासन्: ५२०१३३/५२०२३३
प्रहरी :- ५२०१९९/५२०२१९/१००
धौ.अ.प्र.का.- ५२०१९३/५२०१०९/५२०३०१
जिल्ला ट्राफिक प्रहरी :- ५२०३९९
बागलुङ कारगार:- ५२०२६७
नेपाली सेना :- ५२०२००
अञ्चल अस्पताल :- ५२०२८८/५२०१८८
रक्त सञ्चार केन्द्र :- ५२०२७३
नेपाल रेडक्रस सोसाईटी:- ५२०१६९
आँखा असपताल :- ५२०१३७
जि.स.स.:- ५२०१४४/५२०१४८/५२०४०५
विद्युत प्राधिकरण :- ५२०२२०/५२०१७७
बस टिकट काउण्टर-चिप्लेटी) :- ५२११३२
जीप टिकट काउण्टर :- ५२११४०
दुरससञ्चार:- ५२०१११/५२०२२२/५२०२४४
डि.सहकारी का. :- ५२०३०२
ई.प्र.का. हरिचौर :- ४११०५५
ई.प्र.का. तारा :-९८५१०००७५८
हटिया प्रहरी चौकी :- ९८५७६९०१५८
नरेठाँटी प्रहरी चौकी: ९८०८४६३६०४
ग.प्रा.स्वा.के. हरिचौर :- ४११०८८
गलकोट एफ.एम.:- ४१२०४३
जिप काउण्टर हटिया:- ४१२०८८
जिप काउण्टर हरिचौर:- ४११०३६
बस काउण्टर हटिया:- ४१२०५५

गलकोट नगरपालिका:-
प्रमुख:- ९८५७६४०७५१
उप-प्रमुख:- ९८५७६२०८८४
गलकोट नगरपालिका वार्ड अध्यक्षहरु:-
वार्ड नं.१:- ९८५७६४८८८१
वार्ड नं.२:- ९८५७६२७२२२
वार्ड नं.३ :- ९८४७६६२९११
वार्ड नं.४:- ९८५७६४०८४६
वार्ड नं.५:- ९८४७७२०६६५
वार्ड नं.६:- ९८६१२९६३६५
वार्ड नं.७:- ९८५७६२२९२१
वाड नं.८:- ९८५७६२१११४
वार्ड नं.९:- ९८५७६२२८४२
वार्ड नं.१०:- ९८५७६२२१०८
वार्ड नं.११:- ९८५७६२९११५
प्रमुख प्र. अधिकृत:- ९८५७६४८१११
ताराखोला गाउँ पालिका
अध्यक्ष:- ९८५७६२३५०१
उपाध्यक्ष:- ९८४७६६५१६०
ताराखोला गाउँपालिका वार्ड अध्यक्षहरु:-
वार्ड नं.१:- ९८५७६६११२१
वार्ड नं.२:- ९८५७६६११२२
वार्ड नं.३ :- ९८५७६६११२३
वार्ड नं.४:- ९८५७६६११२४
वार्ड नं.५:- ९८५७६६११२५
प्रमुख प्र. अधिकृत:- ९८५७६६११११

# राजनीतिभन्दा माथि विपत्



महेन्द्र चालिसे

विपत् सत्तारूढ दलको मात्र समस्या होइन, राष्ट्रको समस्या हो । कुनै गाउँ बग्दा त्यहाँका नागरिकले कुन दललाई मत दिएका थिए भन्ने हेरेर प्रकृतिले विनाश गर्दैन । त्यसैले विपत्को समयमा राजनीतिक दलका युवा सङ्गठनहरूको वास्तविक परीक्षा हुन्छ ।

अचेल सायद सभ्य मानिसलाई फेसबुक, टिकटक हेर्न मन लाग्न छाड्यो होला । सामाजिक सञ्जालप्रति पूर्ण रूपमा वितृष्णा जागेको भने होइन होला तर त्यहाँ देखिएका दृश्य, टिप्पणी, विश्लेषण र प्रतिक्रियाले एउटा गम्भीर प्रश्न सबैको मनमा उठायो होला– के हामी साँच्चै कुनै राष्ट्रिय विपत्को सामना गरिरहेका छौँ कि विपत्लाई पनि आफ्नो विचार, राजनीति र लोकप्रियता प्रदर्शन गर्ने माध्यम बनाइरहेका छौँ ?

सामाजिक सञ्जालको एउटा अनौठो विशेषता छ । कुनै व्यक्ति कुनै विषयको विशेषज्ञ त परको कुरा, सामान्य जानकारीसमेत नभए पनि मोबाइल र इन्टरनेटको पहुँच भएपछि ऊ केही मिनेटमै त्यस विषयको विश्लेषक बन्न सक्छ । अझ विपत्, सुरक्षा, उद्धार, मौसम, जलवायु, पूर्वाधार वा राज्य व्यवस्थापन जस्ता गम्भीर विषयमा त सामाजिक सञ्जालले हरेक व्यक्तिलाई रातारात विशेषज्ञ बनाइदिएको छ । कोठामा बसेर आपत्कालीन उद्धार कसरी हुनु पर्थ्यो, सरकार कहाँ चुक्यो, कुन निकाय असफल भयो, कुन मन्त्री अयोग्य भयो र कुन निर्णय गलत भयो भन्ने विषयमा अत्यन्त आत्मविश्वासका साथ स्टाटस लेखिन्छन्, भिडियो बनाइन्छन् र हजारौँ मानिसको समर्थन बटुलिन्छ ।

आलोचना हुनु गलत होइन । बरु लोकतन्त्रमा सरकारको आलोचना अपरिहार्य छ । प्रश्न उठाउनु नागरिकको अधिकार हो । सार्वजनिक निकायको कमजोरीमाथि बहस हुनु आवश्यक छ तर प्रश्न यहाँ आलोचनाको अधिकारमाथि होइन, आलोचनाको जिम्मेवारीमाथि हो । कुनै विषय नबुझी, घटनाको सम्पूर्ण तथ्य थाहा नपाई, विपत्को वास्तविक भौगोलिक र प्राविधिक अवस्था नबुझी केवल 'सरकारलाई गाली गर्न' लेखिएको स्टाटसले के वास्तवमै समाधान दिन्छ ?

विपत्को समयमा सरकारमाथि प्रश्न उठाउनु पर्छ तर त्यतिबेला समाजले सरकारलाई मात्रै होइन, आफूलाई पनि प्रश्न गर्नु पर्छ । "हामीले के गर्न सक्छौँ ?" भन्ने प्रश्न "सरकारले किन गरेन ?" भन्ने प्रश्नभन्दा कम महत्वपूर्ण छैन । अझ नेपाल जस्तो सीमित स्रोत, कमजोर पूर्वाधार र भौगोलिक जटिलता भएको देशमा त राज्य, राजनीतिक दल, स्थानीय समुदाय र आमनागरिक सबैको जिम्मेवारी उत्तिकै गम्भीर हुन्छ ।

आज सामाजिक सञ्जालमा कस्तो प्रवृत्ति देखिन्छ भने कुनै घटना भयो भने सबैभन्दा पहिले दोषी खोजिन्छ, अनि दोषीलाई गाली गरिन्छ । समाधानका सम्भावनाबारे चर्चा कम हुन्छ । स्वयंसेवाको संस्कृति कमजोर हुँदै जान्छ तर टिप्पणीको संस्कृति बलियो हुँदै जान्छ । उद्धारमा जान नसक्ने व्यक्तिले कम्तीमा सही सूचना फैलाउन सक्छ, राहत सङ्कलनमा सहयोग गर्न सक्छ तर त्यसको सट्टा एउटा पोस्ट लेखेर सरकारलाई गाली गर्नु सजिलो छ । सजिलो काम नै लोकप्रिय पनि हुन्छ । सायद यही कारणले सामाजिक सञ्जालप्रति एकप्रकारले दिक्क लागेको हो ।

### बौद्धिक आलस्य

विपत्को समयमा 'सबै जना विशेषज्ञ' बन्ने सामाजिक रोग हो, विपत् व्यवस्थापन कुनै सामान्य विषय होइन । यो केवल राहत बाँड्ने वा हेलिकोप्टर पठाउने काम मात्र होइन । विपत् व्यवस्थापनमा पूर्वतयारी, जोखिम पहिचान, पूर्वसूचना प्रणाली, उद्धार संयन्त्र, सञ्चार, सडक र पुलको अवस्था, स्वास्थ्य सेवा, सुरक्षित स्थानान्तरण, स्थानीय जनशक्ति परिचालन, मौसमको अवस्था, भौगोलिक पहुँच, उपकरण, तालिमप्राप्त जनशक्ति र अन्तरनिकाय समन्वय जस्ता अनेक पक्ष जोडिएका हुन्छन् तर सामाजिक सञ्जालमा यी जटिलताको स्थान प्राय: एउटा छोटो निष्कर्षले लिन्छ, "सरकार... ।"

उद्धारमा केही घण्टा ढिलाइ भयो भने सरकारलाई दोष । हेलिकोप्टर पुग्न सकेन भने सरकार जिम्मेवार । राहत वितरणमा समस्या आयो भने पनि उसैलाई दोष । यी प्रश्न गलत होइनन् तर प्रत्येक घटनाको पृष्ठभूमि नबुझी एउटै निष्कर्ष निकाल्नु बौद्धिक आलस्य हो । नेपालको भौगोलिक अवस्था हेर्ने हो भने विपत् व्यवस्थापन संसारका धेरै देशभन्दा जटिल छ । पहाडी र हिमाली भूगोल, कमजोर सडक सञ्जाल, वर्षायाममा हुने पहिरो, नदीको कटान, बाढी, दूरदराजका बस्ती, सीमित हवाई पहुँच, मौसमको अनिश्चितता र कमजोर स्थानीय पूर्वाधारका कारण उद्धार र राहत व्यवस्थापन आफैँमा अत्यन्त चुनौतीपूर्ण हुन्छ । यसको अर्थ सरकारको कमजोरीलाई ढाकछोप गर्नु होइन । बरु यसको अर्थ समस्याको जटिलता बुझ्नु हो ।

कुनै विषयको वास्तविक विश्लेषण गर्नु र भावनात्मक प्रतिक्रिया दिनु फरक कुरा हुन् । सामाजिक सञ्जालले यो फरक छुट्याउन नसक्ने बनाइदिएको छ । जो व्यक्ति सबैभन्दा चर्को स्वरमा बोल्छ, उसको कुरा धेरै मानिसले सुन्छन् । जो सबैभन्दा कडा गाली गर्छ, उसको भिडियो धेरै हेरिन्छ । जो सबैभन्दा उत्तेजक शीर्षक राख्छ, उसले धेरै प्रतिक्रिया पाउँछ । त्यसैले आज सामाजिक सञ्जालमा ज्ञानभन्दा उत्तेजना बिक्छ ।

"सरकार कहाँ चुक्यो ?" भन्ने प्रश्नभन्दा "सरकारको कामको वस्तुनिष्ठ मूल्याङ्कन के हो ?" भन्ने प्रश्न कठिन छ । कठिन प्रश्नमा धेरै मानिसको रुचि हुँदैन किनकि त्यहाँ तथ्य चाहिन्छ, अध्ययन चाहिन्छ, अघिल्ला सरकारको इतिहास हेर्नु पर्छ, वर्तमान संरचना बुझ्नु पर्छ र विकल्पसमेत दिनु पर्छ । गाली गर्न सजिलो छ । समाधान खोज्न कठिन छ ।

### युवा परिचालन

विगतमा चर्चित राजनीतिक दलका युवा सङ्गठन आज कहाँ छन् ? कुनै समय ती सङ्गठनका नाम मात्रले पनि राजनीतिक बहस गर्मिन्थ्यो । सडक आन्दोलनदेखि चुनावी परिचालनसम्म, राजनीतिक शक्ति प्रदर्शनदेखि सामाजिक गतिविधिसम्म उनीहरूको सक्रियता देखिन्थ्यो तर प्राकृतिक विपत्को समयमा प्रश्न उठ्छ– ती सबै युवा शक्ति कहाँ छन् ?

विपत् व्यवस्थापनमा युवा सङ्गठनले ठूलो भूमिका खेल्न सक्छन् । उनीहरूले जोखिमयुक्त बस्तीबाट मानिसलाई सुरक्षित स्थानमा सार्न सक्छन् । राहत सङ्कलन र वितरणमा सहयोग गर्न सक्छन् । उद्धार टोलीलाई स्थानीय सूचना दिन सक्छन् । बेपत्ता मानिसको खोजीमा सहयोग गर्न सक्छन् । सडक खुलाउन, अस्थायी वासस्थान बनाउन र प्रभावित परिवारलाई आवश्यक सामग्री पुऱ्याउन सक्छन् तर दु:खको कुरा के हो भने राजनीतिक सङ्गठनको ठूलो हिस्सा राजनीतिमा मात्रै सक्रिय देखिन्छ, समाजको सङ्कट समाधानमा होइन ।

यही प्रश्न सबै राजनीतिक दललाई समान रूपमा सोधिनु पर्छ, केवल एउटा दललाई होइन । जो सत्तामा छ, उसलाई त झन् बढी प्रश्न गर्नु पर्छ तर प्रतिपक्षमा भएकाले पनि आफूलाई पूर्ण रूपमा जिम्मेवारीमुक्त ठान्न मिल्दैन । विपत् सत्तारूढ दलको मात्र समस्या होइन, राष्ट्रको समस्या हो । कुनै गाउँ बग्दा त्यहाँका नागरिकले कुन दललाई मत दिएका थिए भन्ने हेरेर प्रकृतिले विनाश गर्दैन । त्यसैले विपत्को समयमा राजनीतिक दलका युवा सङ्गठनहरूको वास्तविक परीक्षा हुन्छ । सभा कति ठूलो गर्न सकिन्छ भन्ने होइन, सङ्कटमा कति मानिस बचाउन सकिन्छ भन्ने नै सङ्गठनको वास्तविक शक्ति हो । हजारौँ सदस्य भएको सङ्गठन एउटा बाढी, पहिरो वा अन्य प्राकृतिक सङ्कटका बेला सङ्गठित रूपमा परिचालित हुन सक्दैन भने त्यो सङ्गठनको सामाजिक औचित्यमाथि प्रश्न उठ्नु स्वाभाविक हुन्छ ।

>>> बाँकी पृष्ठ ४ मा ।

# बाढी प्रभावितलाई अस्पलताको सहयोग

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका–३, हटियामा रहेको इमर्जेन्सी अस्पताल प्रा.लि.ले भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि ५० हजार रुपैयाँ सहयोग गरेको छ ।

अस्पतालले भोटेकोशी नदीमा आएको बाढीबाट भएको जनधनको अपूरणीय क्षतिप्रति गहिरो दु:ख व्यक्त गर्दै मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गरेको छ ।

साथै बाढीबाट प्रभावित सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा शीघ्र उद्धार तथा राहत उपलब्ध होस् भन्ने कामना गरेको छ ।

विपद्का कारण आफन्त तथा प्रियजन गुमाएका परिवारजनप्रति समवेदना व्यक्त गर्दै अस्पतालले घाइते तथा प्रभावित नागरिकहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

अस्पतालले नेपाल सरकारले आह्वान गरेअनुसार बाढी प्रभावित क्षेत्रका पीडितहरूको उद्धार तथा राहतका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. ५० हजार सहयोग गरेको जनाएको छ । अस्पताल तथा कर्मचारीहरूको तर्फबाट उक्त रकम सहयोग गरिएको हो ।

अस्पतालले विपद्को कठिन घडीमा मानवीय संवेदना, एकता, सहकार्य र सेवाभावका साथ प्रभावित नागरिकहरूको उद्धार तथा राहत कार्यमा जुट्नु सबैको सामाजिक उत्तरदायित्व भएको जनाएको छ ।

भोटेकोशी बाढीपछि प्रभावितहरूको उद्धार तथा राहतका लागि विभिन्न व्यक्ति, संस्था तथा निकायबाट सहयोग जुटिरहेको छ ।

# बाढीले बगाएको न्याय



डा. नमता पाण्डे

केही वर्षदेखि जलवायु न्याय र जलवायु उत्थानशीलताका विषयलाई केन्द्रविन्दुमा राखेर वातावरण संरक्षणदेखि कृषि खेती प्रणाली र मानव स्वास्थ्यमाथि निरन्तर अध्ययन एवं अनुसन्धान हुँदै आएको छ। तर, यसको सैद्धान्तिक बहस चलिरहँदा २६ अगस्ट २०२६ नेपालको इतिहासमा फेरि पीडादायी दिनका रुपमा दर्ज भएको छ। रसुवाको भोटेकोशी नदी क्षेत्रमा आएको अत्यन्त तीव्र बाढीले मानव जीवन, बस्ती, सडक, पुल, जलविद्युत् आयोजना, व्यापारिक संरचना तथा सीमावर्ती पूर्वाधारमा ठूलो क्षति पुऱ्यायो। बाढीको प्रभाव रसुवाबाट नुवाकोट, धादिङलगायत तल्लो तटीय क्षेत्रमा समेत फैलियो।

प्रारम्भिक वैज्ञानिक विवरणअनुसार माथिल्लो क्षेत्रमा हिम–चट्टान खसेर नदी अस्थायी रुपमा अवरुद्ध भएको र त्यसपछि ठूलो जलप्रवाह उत्पन्न भएको हुनसक्ने देखिएको छ। घटनाको पूर्ण कारणबारे वैज्ञानिक अध्ययन जारी छ। तर, रसुवाको यो विपद्ले एउटा गम्भीर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रश्न उठाएको छ, नेपालले जलवायु संकट सिर्जना गर्नमा अत्यन्त न्यून योगदान गरे पनि यसको विनाशकारी परिणामको मूल्य किन यति ठूलो रुपमा नेपालले तिर्नुपरेको छ ? यो प्रश्न अब केवल विपद् व्यवस्थापनको मात्र होइन, यो जलवायु न्याय, मानव अधिकार, विकासको अधिकार र अन्तर्राष्ट्रिय उत्तरदायित्वको प्रश्न हो।

रसुवाको बाढीको चेतावनी : रसुवा घटनाको भयावहता यसको गति र पूर्वानुमानको कठिनाइमा पनि देखियो। हिमाली क्षेत्रमा भएको हिमपहिरो तथा ढुंगामाटोको थुप्रोले नदी प्रणालीमा अचानक ठूलो जलप्रवाह सिर्जना गर्दा कतिपय स्थानमा मानिसलाई सुरक्षित स्थानमा सर्ने पर्याप्त समयसमेत मिलेन। यस घटनाले नदी तटीय क्षेत्रमा प्राकृतिक जोखिम कति तीव्ररूपमा विपद्मा परिणत हुन सक्छ भन्ने देखाएको छ। यसअघि पनि मेलम्ची, मनाङ, मुस्ताङ, सिन्धुपाल्चोकलगायतका क्षेत्रमा सानातिना बाढी, पहिरो, हिमताल र अन्य जलवायुजन्य जोखिमले नेपाललाई पटक–पटक चेतावनी दिइसकेको छ। अब प्रश्न केवल 'अर्को विपद् कहिले आउँछ ?' भन्ने होइन। प्रश्न हो– 'अर्को विपद् आउँदा हामी कति तयार हुन्छौं ?' र, अझ ठूलो प्रश्न, 'जोखिम बढाउनमा हाम्रो योगदान कति छ र जोखिमको मूल्य कसले तिर्नुपर्छ ?'

जलवायु परिवर्तन र हिमाली जोखिम : हरेक बाढी वा पहिरोलाई जलवायु परिवर्तनकै प्रत्यक्ष परिणाम भन्नु वैज्ञानिक रुपमा उचित नहोला। रसुवाको पछिल्लो घटनाको प्रत्यक्ष कारण पनि थप वैज्ञानिक अध्ययनबाट स्पष्ट हुँदै जानेछ। तर जलवायु परिवर्तनले हिमाली प्रणालीमा गहिरो परिवर्तन ल्याइरहेको तथ्यलाई बेवास्ता गर्न पनि सकिँदैन। तापक्रम वृद्धि, हिमनदीको परिवर्तन, वर्षौंदेखि स्थायी रुपमा जमेको भू–माटोको अस्थिरता, हिमतालको विस्तार तथा हिमाली भिरालोपनको संवेदनशीलताले भविष्यका जोखिमलाई अझ जटिल बनाउन सक्छन्।

त्यसैले नेपालका लागि अब 'जलवायुजन्य कारण निर्धारण' अर्थात् कुनै विपद्मा जलवायु परिवर्तनको भूमिका कति छ भन्ने वैज्ञानिक अध्ययन अत्यन्त महत्त्वपूर्ण छ। २०२६ मा प्रकाशित एक अध्ययनले पनि नेपालमा जलवायु परिवर्तनबाट उत्पन्न क्षति तथा नोक्सानीको कारण निर्धारण तथा अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्न आवश्यक संस्थागत तयारीलाई महत्त्वपूर्ण विषयका रुपमा औंल्याएको छ। नेपालले प्रत्येक ठूलो विपद्को वैज्ञानिक अभिलेख, क्षति मूल्यांकन र जलवायुसम्बन्धी प्रमाण तयार गर्नुपर्छ। यही प्रमाण भविष्यको जलवायु कूटनीतिको आधार बन्न सक्छ।

विकासको लाभ कसले लियो, क्षतिको मूल्य कसले तिऱ्यो ? : जलवायु न्यायको मूल प्रश्न यही हो। औद्योगिक विकासको लामो इतिहासमा कोइला, पेट्रोलियम र ग्यासमा आधारित आर्थिक प्रणालीले विश्वको समृद्धि निर्माण गऱ्यो। आजका विकसित तथा उच्च उत्सर्जन गर्ने अर्थतन्त्रहरूले ऐतिहासिक रुपमा ठूलो मात्रामा हरितगृह ग्यास उत्सर्जन गरेका छन्। नेपालको विश्वव्यापी उत्सर्जनमा योगदान भने अत्यन्त न्यून छ। तर, हिमनदी पग्लिने, बाढी–पहिरो बढ्ने, पानीका स्रोतमा परिवर्तन हुने, कृषि उत्पादनमा अनिश्चितता आउने र पूर्वाधारमा क्षति हुने जोखिम नेपालले गम्भीररूपमा भोगिरहेको छ।

त्यसैले नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष एउटा स्पष्ट प्रश्न राख्नुपर्छ– 'जलवायु संकटमा जसको योगदान न्यून छ, उसले असमान रुपमा बढी क्षति व्यहोर्नुपर्दा अन्तर्राष्ट्रिय प्रणालीको न्याय कहाँ छ ?' यही हो जलवायु न्यायको मूल भावना। जलवायु न्याय भनेको दान माग्नु होइन। नेपालले जलवायु वित्त माग्दा आफ्नो आवाजलाई 'गरिब देशलाई सहयोग गरौं' भन्ने मानवीय अपिलमा मात्र सीमित गर्नुहुँदैन। अब नेपालले भन्नुपर्छ, हामी सहायता मात्र मागिरहेका छैनौं, हामी न्यायपूर्ण जलवायु वित्त र उत्तरदायित्वमा आधारित अन्तर्राष्ट्रिय साझेदारी मागिरहेका छौं।

'क्षति तथा नोक्सानी'को अवधारणा यही कारण महत्त्वपूर्ण छ। विपद्ले घर वा सडकमात्र नष्ट गर्दैन। यसले रोजगारी, शिक्षा, स्वास्थ्य, सामाजिक सम्बन्ध, संस्कृति, मानसिक स्वास्थ्य र भविष्यको अवसरसमेत नष्ट गर्छ। रसुवामा घर गुमाएको परिवारको क्षति घरको निर्माण लागतमा मात्र गणना गर्न सकिँदैन। जीविकोपार्जन गुमाउनु, बालबालिकाको पढाइ अवरुद्ध हुनु, स्वास्थ्य जोखिम बढ्नु र परिवार विस्थापित हुनु पनि क्षति हो। त्यसैले नेपालले आर्थिक तथा गैरआर्थिक क्षति र नोक्सानीको व्यवस्थित मूल्यांकन गर्नुपर्छ।

जलवायु वित्तमा ऋण होइन, न्यायपूर्ण स्रोत : जलवायु परिवर्तनको असरबाट प्रभावित देशले पुनर्निर्माणका लागि फेरि ठूलो ऋण लिनुपर्ने अवस्था आयो भने जलवायु संकटले आर्थिक संकट पनि सिर्जना गर्छ। त्यसैले जलवायु अनुकूलन तथा क्षति र नोक्सानीका लागि प्राप्त हुने अन्तर्राष्ट्रिय स्रोत अनुदानमुखी, सरल, पारदर्शी र स्थानीय समुदायसम्म पुग्ने हुनुपर्छ।

नेपालले विशेषगरी हिमाली र नदी तटीय क्षेत्रका लागि जलवायु जोखिम वित्तपोषणको छुट्टै प्राथमिकता माग्न सक्छ। जलवायु वित्तको लाभ सबैभन्दा बढी जोखिममा रहेका समुदायसम्म पुग्नुपर्छ। जस्तै, बालबालिका, किशोरी, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, महिला, गरिब परिवार, कृषि तथा प्राकृतिक स्रोतमा निर्भर समुदाय र जोखिमयुक्त बस्तीहरूलाई प्राथमिकता दिइनुपर्छ।

रसुवाले देखाएको सीमापार जोखिम : रसुवा विपद्को अर्को महत्त्वपूर्ण पक्ष यसको सीमापार प्रकृति हो। हिमाल र नदीले राजनीतिक सीमा चिन्दैनन्। माथिल्लो क्षेत्रमा भएको हिमाली घटना केही घण्टामै तल्लो तटीय क्षेत्रमा ठूलो विपद् बन्न सक्छ। त्यसैले नेपाल र चीनबीच वास्तविक समयको जलसम्बन्धी तथ्यांक आदानप्रदान, हिमनदी तथा हिमतालको नियमित अनुगमन, माथिल्लो जलाधार क्षेत्रका जोखिमसम्बन्धी सूचनाको समयमै प्रवाह, बाढीसम्बन्धी पूर्वसूचना प्रणाली, आपत्कालीन सूचना तथा सञ्चार संयन्त्र, संयुक्त वैज्ञानिक अध्ययन तथा अनुसन्धान र सीमापार विपद् प्रतिकार्य संयन्त्रलाई अझ सुदृढ र प्रभावकारी बनाउन आवश्यक छ। यसलाई नेपाल–चीन सम्बन्धको मात्र होइन, मानवीय सुरक्षा र साझा हिमाली सुरक्षाको विषयका रुपमा हेर्नुपर्छ।

भविष्यमा भारतसँग पनि सीमापार नदी तथा बाढी पूर्वसूचना प्रणालीलाई अझ प्रभावकारी बनाउन आवश्यक छ। यही नै नेपालको 'हिमाली कूटनीति'को महत्त्वपूर्ण आधार बन्न सक्छ।

**नेपालले अब अन्तर्राष्ट्रिय मञ्चमा कसरी प्रस्तुत हुने ?** :

रसुवाको विपद्पछि नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष केवल तत्कालीन राहत माग गरेर चुप बस्नु हुँदैन। यस घटनालाई नेपालको राष्ट्रिय जलवायु न्याय कार्यसूचीको आधार बनाउनुपर्छ। नेपालले कम्तीमा यी मागहरू अघि सार्नुपर्छ :

पहिलो– रसुवालगायतका प्रमुख विपद्को स्वतन्त्र तथा वैज्ञानिक जलवायुजन्य क्षति तथा नोक्सानीको मूल्यांकन।

दोस्रो– नेपालजस्ता जलवायु जोखिममा रहेका देशका लागि 'क्षति तथा नोक्सानी' सम्बोधनसम्बन्धी वित्तीय स्रोतमा सहज, प्रत्यक्ष र न्यायपूर्ण पहुँचको सुनिश्चितता।

तेस्रो– हिमाली देशका लागि विशेष जलवायु अनुकूलन तथा विपद् जोखिम वित्तपोषणको व्यवस्था।

चौथो– हिमनदी, हिमताल तथा पहाडी क्षेत्रका जोखिमको नियमित अनुगमनका लागि अत्याधुनिक प्रविधि, वैज्ञानिक ज्ञान र प्राविधिक क्षमताको हस्तान्तरण।

पाँचौं– सीमापार वास्तविक–समय पूर्वसूचना प्रणाली तथा नदीसम्बन्धी तथ्यांक र सूचना आदानप्रदानको प्रभावकारिता।

छैटौं– जलवायु वित्तमा ऋणभन्दा अनुदानलाई प्राथमिकता।

सातौं– जलवायुजन्य विपद्पछिको पुनर्निर्माण 'सबल पुनर्निर्माण' मात्र होइन, 'जलवायु उत्थानशील पुनर्निर्माण' हुनुपर्छ।

नेपालले सुधार गर्नुपर्ने पक्ष : जलवायु न्यायको आवाज उठाउनुको अर्थ आफ्नै कमजोरीलाई बेवास्ता गर्नु होइन। जलवायु न्यायको वकालत गर्न नेपालले आफूभित्र पनि सुधार गर्नुपर्छ। जोखिमयुक्त नदी किनारमा हुने अनियोजित बस्ती विस्तार, कमजोर भू–उपयोग योजना, वातावरणीय तथा जलवायु जोखिम मूल्यांकनको कमजोर कार्यान्वयन र विपद् आएपछि मात्र सक्रिय हुने प्रवृत्ति बदल्नुपर्छ। विशेषगरी सडक, पुल, जलविद्युत्, पर्यटन र अन्य पूर्वाधार निर्माण गर्दा अब केवल आर्थिक प्रतिफल हेरेर पुग्दैन। हरेक योजनाको प्रस्थानबिन्दुमै प्रश्न हुनुपर्छ– 'जलवायु परिवर्तनको बढ्दो जोखिमका बीच यो संरचना ३०–५० वर्षपछि पनि सुरक्षित रहन्छ ?' हरेक ठूला विकास परियोजनामा जलवायु जोखिम मूल्यांकन तथा विपद् जोखिम मूल्यांकन अनिवार्य गरिनुपर्छ।

सबैभन्दा कमजोरलाई सबैभन्दा पहिलो सुरक्षा : रसुवाको विपद्ले फेरि प्रमाणित गरेको छ– विपद्को प्रभाव सबैमा समान हुँदैन। बालबालिका, किशोरी, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, गर्भवती महिला, गरिब परिवार र प्राकृतिक स्रोतमा निर्भर समुदाय बढी जोखिममा पर्छन्। त्यसैले विपद् व्यवस्थापनमा 'सबैलाई समान' मात्र पर्याप्त हुँदैन, जोखिमका आधारमा न्यायपूर्ण प्राथमिकता चाहिन्छ। बालबालिकाको शिक्षा र संरक्षण, किशोरीको महिनावारी स्वच्छता र सुरक्षा, ज्येष्ठ नागरिकको औषधि तथा स्वास्थ्य सेवा, अपांगता भएका व्यक्तिका लागि पहुँचयुक्त आश्रय र प्रभावित परिवारको जीविकोपार्जन पुनर्स्थापना राहतको अभिन्न हिस्सा बन्नुपर्छ।

त्यसैले रसुवाबाट जलवायु न्यायको नयाँ आवाज निस्किनुपर्छ। रसुवाको बाढीलाई केही दिनको विपद् र केही महिनाको पुनर्निर्माणको विषयमा सीमित गर्नु हुँदैन। यसले नेपाललाई एउटा ऐतिहासिक अवसर दिएको छ, जलवायु न्यायको आफ्नो आवाज अझ स्पष्ट र प्रमाणमा आधारित रुपमा विश्वसमक्ष राख्ने अवसर।

नेपालले दृढतापूर्वक भन्न सक्नुपर्छ, 'हामीले जलवायु संकट सिर्जना गर्नमा न्यून योगदान गरेका छौं, तर यसको मूल्य हाम्रो हिमाल, नदी, बस्ती, कृषि, पूर्वाधार र मानव जीवनले तिरिरहेको छ। त्यसैले नेपाललाई सहानुभूति मात्र होइन, जलवायु न्याय चाहिन्छ।'

'शाभार: अन्नपूर्णपोष्ट

## लाखे नाचको रकम बाढीपीडितलाई

गलकोटपत्र/हटिया

नेवाःखल गलकोटले परम्परागत लाखे नाच तथा जात्राका क्रममा संकलन भएको रकम बाढीपीडितको राहत तथा पुनर्स्थापनाका लागि सहयोग गरेको छ ।

गत साउन २६ गते गठेमंगल पर्वदेखि सुरु भएको यस वर्षको लाखे नाच आज श्रीकृष्णको रथयात्रा सञ्चालन गर्दै समापन गरिएको हो । लाखे नाच तथा जात्राका विभिन्न कार्यक्रमका क्रममा संकलन भएको ५२ हजार १ सय ८३ रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको नेवाःखल गलकोटका अध्यक्ष प्रनाथ श्रेष्ठले जानकारी दिए ।

अध्यक्ष श्रेष्ठका अनुसार भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण विभिन्न जिल्लामा ठूलो जनधनको क्षति भएको तथा धेरै नागरिक प्रभावित बनेको अवस्थालाई मध्यनजर गर्दै जात्राका क्रममा संकलित रकम बाढीपीडितको राहत तथा पुनर्स्थापनाका लागि सहयोग गरिएको हो ।नेवाःखल गलकोटले सांस्कृतिक परम्पराको संरक्षणसँगै सामाजिक उत्तरदायित्वलाई समेत प्राथमिकता दिँदै आएको जनाएको छ । विपद्को समयमा पीडित नागरिकलाई सहयोग पुऱ्याउने उद्देश्यले जात्राका क्रममा संकलित रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको अध्यक्ष श्रेष्ठले बताए ।

गलकोटमा नेवारी समुदायको मौलिक संस्कृति, परम्परा र पहिचानसँग जोडिएको लाखे नाच प्रत्येक वर्ष गठेमंगलदेखि सुरु हुने गर्दछ । यस क्रममा लाखे नाचसहित विभिन्न सांस्कृतिक गतिविधि तथा जात्रा सञ्चालन हुँदै आएका छन् । यस वर्ष पनि स्थानीयको सहभागिता र उत्साहका साथ लाखे नाच सञ्चालन गरिएको थियो ।

## बाढी प्रभावितलाई सहकारीको सहयोग

गलकोटपत्र/हटिया

सयपत्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड गलकोट नगरपालिका वडा नम्वर ४ ले भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि २० हजार रुपैयाँ सहयोग गरेको छ ।

गत भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारलाई राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले संस्थाले उक्त रकम सहयोग गरेको संस्थाका प्रबन्धक रविलाल सुवेदीले जानकारी दिए ।

बाढीका कारण प्रभावित भएका नागरिकलाई तत्काल राहत तथा पुनःस्थापनाका लागि सहयोग आवश्यक रहेकाले संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत आर्थिक सहयोग गरेको जनाएको छ । सहकारीले विपद्का समयमा प्रभावित नागरिकप्रति ऐक्यबद्धता जनाउँदै सहयोग गरेको हो ।

अर्गल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड ताराखोला गाउँपालिका वडा नं. २ अर्गलले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५० हजार रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ ।

संस्थाको सञ्चालक समितिको बैठकले सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त रकम सहयोग गर्ने निर्णय गरेको हो । गत भदौ १० गते बुधबार रसुवाको भोटेकोशी नदीमा आएको बाढीका कारण ठूलो जनधनको क्षति भएको छ । बाढीका कारण रसुवा, नुवाकोट, धादिङ लगायत जिल्लाका तटीय क्षेत्र प्रभावित भएका छन् ।

बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहतका कार्यलाई तीव्रता दिँदै सरकारले प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष तथा प्रधानमन्त्री राहत कोषमार्फत सहयोग गर्न अपिल गरेको थियो ।

सरकारको उक्त अपिलसँगै विपद्मा परेका नागरिकलाई सहयोग गर्ने उद्देश्यले संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत आर्थिक सहयोग गरेको संस्थाका सचिव सन बहादुर बि.क.ले जानकारी दिनुभयो । संस्थाले आगामी दिनमा पनि विपद् तथा सामाजिक कार्यमा आफ्नो तर्फबाट सहयोगलाई निरन्तरता दिने जनाएको छ ।

# पहिचान नभएका शव कसरी राख्ने ?



झलक शर्मा

विपदमा परी ज्यान गुमाएका र पहिचान नखुलेका मृतकको शव व्यवस्थापन कार्यमा स्थानीय प्रशासनहरुसक्रियभएका छन् । शवबाट दुर्गन्ध आउने र अवशेषहरु बिलाउन थालेका छन् । मृतकका परिवारजन तथा आफन्त नभेटिंदा शवलाई लामो समयसम्म राख्न असम्भव भएको, समुदायमा संक्रामक रोग फैलने त्रास बढेको देखिन्छ ।स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका अनुसार देशभरका सरकारी अस्पतालमा करिब ६ सय श मात्र राख्न सक्ने क्षमता छ । निजी अस्पतालहरुमा शव राख्ने संरचना निकै कम छन् ।

शव गृह, अस्पतालहरूमा शवलाई सुरक्षित साथ भण्डारण गर्ने क्षमता नभएकाकारण शवको उचित व्यवस्थापन हुनु जरुरी छ ।

सबै गाउँ, समुदाय नै रित्तिएकाले शव पहिचानमा समस्या छ । धेरै शवको शरीर सग्लो छैन । अंग भंग भएका शरीरका टुक्राहरु छरपष्ट छन् । स्थानीय तह, विद्यालय नै तहसनहस भएकाले वास्तविक आँकडा प्राप्त गर्न कठिन छ । जनसंख्याको आधारलाई मान्दा पनि त्यसको तथ्य भेट्न सकिने अवस्था छैन ।

नुवाकोटको वेत्रावतीमा एउटै घरमा २० भन्दा बढी शव भेटिएका छन् । ती शव एउटै घरपरिवारका हुन् वा बाढीले बगाउदै त्यहाँ ल्याएर थुपार्‍यो भन्ने विषयले समुदायलाई झन् शोकमा डुबाएको छ ।चितवन प्रशासनले डिएनए सुरक्षित राखेर शव जमिनमुनि व्यवस्थापन गरेको छ । प्रशासनले शव व्यवस्थापनमा चालेको कदम सार्वजनिक भए पश्चात पक्ष विपक्षमा तर्क वितर्क गरिएको छ ।

एकातर्फ राज्यले शव भण्डार क्षमतामाथि पनि प्रश्न उठेको छ । प्रशासनका यी निर्णयबाट पीडित परिवारलाई थप मर्माहत बनाएको छ । मृतकका परिवारले शव अवशेष सरकारबाट चाहन्छन् । आफ्नो धर्म, रीति एवं संस्कार बमोजिम शवको अन्त्येष्टि गर्न पाउने अधिकार परिवारमा छ । तथापि शवको पहिचान हुन नसक्नु र झन् यसबाट थप समस्या आउन सक्ने हुनाले प्रशासनले यो कदम चालेको हो ।विभिन्न स्थानबाट कास्कीमा ल्याइएका १ सय २ शवमध्ये १९ वटाको मात्र पहिचान भएको छ ।

७ वटा शवहरु अहिले तत्काल अस्पतालको शवगृहमा नै राखिएको छ । बाँकी ७६ वटा शव पोखरा वडा नं. १६, सिसौघारीमा सिँचाईको जग्गामा गाडेर व्यवस्थापन गरिएको छ । सबै शवको पोस्टमार्टम गरी डिएनए नमुना संकलन गरिएको छ ।

पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संसोधन) निर्देशिका २०८३ बमोजिम नेपाल प्रहरी र स्थानीय प्रशासनले शव व्यवस्थापन गरिरहेका छन् ।२०७८ सालमा ल्याइएको निर्देशिकाकाकेही भाग संशोधन गरिएको छ । जसमा शव व्यवस्थापन भन्नाले शवलाई पूर्ण रुपले अन्त्य नगरी अस्थायी रुपमा गरिने व्यवस्थापन सम्झनु पर्छ भनी परिभाषित गरेको छ । नेपाल प्रहरी ऐन २०१२ को दफा २२(क) बमोजिम यो निर्देशिका बनेको हो ।उक्त दफाको उपदफामा बेवारिसे लासका हकवाला फेला नपरेमा वा बुझी नलिए त्यस्तो लाश चिकित्साशास्त्र अध्ययन संस्थान स्थापना भएको ठाउँमा अध्ययनको प्रयोजनको निमित्त त्यस्तो संस्थानलाई बुझाई दिनु पर्छ ।त्यस्तो संस्थान नभएको ठाउँमा वा त्यस्तो संस्थानलाई आवश्यक नपर्ने भएमा प्रहरीले स्थानीय गाउँपालिका वा नगरपालिका वा सामाजिक संस्थामार्फत दाहसंस्कार गराउनु पर्दछ भन्ने उल्लेख गरेको छ ।तर नेपाली समुदायमा यो निर्देशिका बमोजिम कम अभ्यास भएकाले पीडित पक्ष वा सरोकारवाला बीच जानकारी कम देखा परेको छ ।

भारतबाट मृतकको पहिचानका निमित्त १९ सदस्यीय फोरेन्सिक विशेषज्ञ टोली नेपाल आएको छ । यस टोलीबाट शव पहिचान, डिएनए नमुनाहरुको विश्लेषणमा सहयोग पुग्ने देखिन्छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले मृत शरीरबाट डिएनए नमुना संकलन गर्न १ हजार थान नमुना संकलन कन्टेनर उपलब्ध गराएको छ ।

परराष्ट्र मन्त्रालयले छिमेकी राष्ट्रका साथै अस्ट्रेलिया, युरोपेली संघ, संयुक्त अरब इमिरेट्स लगायतका मुलकसँग शव राख्न एक हजार थान फ्रिजर र सोही मात्रामा डिएनए परिक्षण गर्ने किट्सहरु सहयोग मागेको छ ।विधि विज्ञ चिकित्सकहरुले शव पहिचान हुन नसकेमा हस्तरेखा/औंठा छाप, दाँतको तुलना, फरेन्सिक रेडियोलोजी, फरेन्सिक एन्थ्रोपोलोजी, डिएनए परिक्षण, आइरिस स्कान गरी शवको अभिलेख राख्ने गर्दछन्

शव व्यवस्थापनलाई लिएर राजनीतिक फन्डा बनाउनु आवश्यक छैन । बरु यसकालागि आधुनिक प्रविधि, उपकरण, दक्षजनशक्तिको खोजी तथा उपयोग कसरी गर्ने भन्ने विषयमा बहस हुनु जरुरी छ । शव व्यवस्थापन चुनौतिपूर्ण र संवेगात्मक कार्य हो । यसमा नागरिकको भावना, धर्म, आस्था, संस्कार जोडिएको हुन्छ ।शव पहिचान हुन सकेमा मृतकका परिवारले आफ्नो संस्कार अनुसार काजकिरिया गर्न पाउने थिए । तर पहिचान हुन नसकेको अवस्थामा पीडा झन् लम्बिदै जान्छ । मानिसले वियोगलाई भुल्न सक्दैनन् ।

परिवारहरु शोकबाट मुक्त भई नयाँ जीवनमा फर्कन कठिन हुन्छ । गाडिएका शवहरुको पनि चाँडै पहिचान हुन सकेमा पीडा बल्झिरहने अवस्थाको अन्त्य हुन सक्छ । पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन सम्भव भएसम्म अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप १२ वर्षसम्म सुरक्षित रहन सक्ने गरी गर्नुपर्ने छ भनी निर्देशिकमा उल्लेख छ । तर यसको व्यवहारिक पाटोले यस निर्देशिकका बमोजिम सुरक्षित राख्न सकिने स्थिति छैन

बाढीबाट बेपत्ता भएका आफ्ना आफन्तकोखोजीका लागि परिवारहरु घटना स्थलदेखि अस्पतालसम्म भौतारिरहेका छन् । कतिले आश मारेका छन्, त कतिले आशा जीवितै राखेका छन् ।परिवारका सदस्य गुमाएका परिवारको दैनिकी नै यसरी नै चलेको छ । हातमा बेपत्ताको फोटो लिई भौतारिरहेको दृश्य देख्दा सबैको मन भक्कनिने गरेको छ । जीवितै नभेटिएपनि पार्थिव शरीर वा अनुहारमात्र हेर्न पाउँ भन्ने इच्छा परिवारजनमा हुन्छ । पारिवारिक संवेदनालाई कुण्ठित गरी शवलाई व्यवस्थापन गर्नु मूर्खता हुन्छ ।यो अवस्थामा जनसमुदायबाट प्रश्न उठ्नु स्वभाविक पनि हो ।तर व्यवहारिक दृष्टिकोणलाई राज्यले ध्यान दिनै पर्छ ।

लामो समयसम्म शवलाई अव्यवस्थित रुपमा थन्काइ राख्नु स्वास्थ्यको दृष्टिकोणले उचित हुँदैन । अहिले वर्तमान समयमा परिवारबाट मृतकको अन्तिम संस्कारको अधिकार खोसेको रुपमा बुझ्नु वा अर्थ्याउन उपयुक्त हुँदैन । यो विषम परिस्थितिमा अपनाइएको वाध्यात्मक व्यवस्थापनमात्र हो । सरकारलाई दायित्वबाट उम्कन खोजेको आरोप लगाउनु मनासिब हुँदैन । यसलाई आम जनसमुदायको हितका लागि गरिएको व्यवस्थापनका रुपमा बुझ्नु आवश्यक छ । वैज्ञानिक प्रक्रियाविना शव व्यवस्थापन नेपाली जनतालाई स्वीकार्य हुँदैन । तसर्थ नेपाल सरकारले सकभर अन्तर्राष्ट्रिय मापदण्ड अवलम्वन गरी वा हाल संशोधित निर्देशिकालाई आत्मसात गरी शव व्यवस्थापन विश्वसनिय बनाउनु पर्दछ । यो विपद्ले शवगृह, शव चिस्यायन केन्द्र, भण्डारगृह भौतिक संरचनाको आवश्यकता रहेको औंल्याएको छ ।

शव व्यवस्थापनको कार्यअघि र पछि मृतकका परिवारलाई शव गाड्नुपर्ने कारण, सनाखतपश्चात शव कसरी प्राप्त गर्न सकिन्छ ? डिएनए सुरक्षित रहेको वा नरहेकोबारे स्पष्ट रुपमा बुझाउनु पर्दछ । डिएनए म्याच भए उत्खनन् गर्दाको शवको प्रकृति कस्तो हुन सक्छ वा शवको केही भाग पाइने हो भन्नेबारे खुलाउनु जरुरी छ

सरकारले फरेन्सिक रिपोर्ट सुरक्षित रहेकोबारे विश्वस्त दिलाउन सक्नु पर्दछ ।विपद् तथा चरम पीडामा समेत पीडित परिवारले जटिल प्रशासनिक प्रक्रिया अपनाउनुपर्ने अवस्था देखा परेको छ । तसर्थ सरकारले पीडित परिवारलाई शव पहिचान र प्राप्ति विधिबारे सहज रुपमा जानकारी दिलाउनु पर्दछ । विपद्लाई रोक्न नसकेता पनि भावी दिनमा हुने महामारी, प्रकोपबाट सिंगो समुदाय जोगाउन राज्यले तदारुकता देखाउनु पर्छ । शाभारः ढोरपाटन

---

## गलकोट...

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डम्बर बहादुर जिसीले समग्रमा गत आर्थिक वर्षमा नगरपालिकाले हासिल गरेका विभिन्नुभयोन प्रगति तथा उपलब्धिबारे जानकारी गराएका थिए ।

उनले शिक्षातर्फ विद्यार्थीहरूको नतिजा सुधारमा उल्लेखनीय प्रगति भएको बताए । विद्यालयहरूलाई स्मार्ट बोर्ड हस्तान्तरण गरी डिजिटल प्रविधिमैत्री शिक्षा प्रदान गर्न थालिएको उनले जानकारी दिए ।

त्यस्तै, स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्डको कार्यसम्पादनतर्फ गण्डकी प्रदेशमा उत्कृष्ट नतिजा हासिल गर्न सफल भएको, चालु तथा पुँजीगततर्फ समग्रमा ८३ प्रतिशत बजेट खर्च भएको र वित्तीय खर्चमा उल्लेखनीय प्रगति भएको जिसीले बताए । उनका अनुसार नगरपालिकाले बेरुजु घटाउन समेत सफलता हासिल गरेको छ ।

त्यस्तै न्याय तथा कानुन सम्बन्धि गुनासो व्यवस्थापन सम्बन्धि अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको, उत्पादनमा आधारित अनुदान वितरण गरिएको र त्यसबाट मासु तथा दूधमा आत्मनिर्भर बन्न सहयोग पुगेको, सडक ढलान तथा स्तरोन्नतिको कामलाई अगाडि बढाइएको, नागरिक आरोग्य सेवा केन्द्र सञ्चालनमा ल्याइएको, नगरपालिकाबाटै करदाता सेवा प्रदान गर्न सुरु गरिएको, बजार अनुगमनलाई तीव्र बनाइएको, व्यवसायीहरूका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै राजस्व संकलनमा समेत वृद्धि भएको प्रमुख प्रशासकीय अधिकृत जिसीले प्रस्तुत गर्नुभएको समीक्षामा उल्लेख गरिएको थियो ।

कार्यक्रममा नगरपालिकाका विभिन्नुभयोन विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिहरूले गत आर्थिक वर्ष २०८२/०८३ को वार्षिक समीक्षा प्रस्तुत गरेका थिए । शाखागत प्रस्तुतिमा वर्षभरि सञ्चालन भएका कार्यक्रम, प्राप्त उपलब्धि, बजेट खर्चको अवस्था तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या र चुनौतीहरूबारे जानकारी गराइएको थियो ।

विषयगत शाखाका प्रमुखहरूले चालु आर्थिक वर्ष २०८३/०८४ मा आफ्नो शाखामार्फत सञ्चालन गरिने विभिन्नुभयोन कार्यक्रम तथा योजनाहरू समेत सार्वजनिक गर्नुभएको थियो । कार्यक्रममा जिल्ला समन्वय समिति बागलुङका सदस्य धना खत्री, नेकपा एमालेका केन्द्रीय सदस्य मञ्जु शर्मा चालिसे, गलकोट नगरपालिका वडा नम्बर ३ का वडा अध्यक्ष फमबहादुर खत्रीले स्थानीय तहले नागरिकको प्रत्यक्ष सरोकारका विषयमा काम गर्ने भएकाले योजना छनोटदेखि कार्यान्वयन र मूल्याङ्कनसम्मका सबै चरणलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रम गलकोट नगरपालिकाका नगरप्रमुख भरत शर्मा गैरेको अध्यक्षता, गलकोट नगरपालिकाका सामाजिक विकास समितिका संयोजक तथा नगर प्रवक्ता हिमबहादुर भण्डारीको स्वागत र शिक्षा अधिकृत शिव खड्काको सञ्चालनमा सम्पन्न भएको थियो ।

---

## स्वास्थ्य...

विषयमा पनि छलफल गरिएको गलकोट नगरपालिका स्वास्थ्य शाखाका हेल्थ असिस्टेन्ट डिल्लिरमन पुनले जानकारी दिनुभयो । त्यस्तै गलकोट नगरपालिका स्वास्थ्य शाखाले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन समेत प्रकाशन गरेको छ ।

कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य अधिकृत समिता घिमिरे, फेयरमेड फाउण्डेसनका टिम लिडर गणेश बरुवाल, गलकोट नगर अस्पतालका प्रमुख डाक्टर राजेश पौडेलले स्वास्थ्य सेवा तथा कार्यक्रम सञ्चालनका क्रममा देखिएका अवस्था, चुनौती र सुधार गर्नुपर्ने पक्ष, स्वास्थ्य सेवाका प्रभावकारिता बढाउन आगामी दिनमा गर्नुपर्ने सुधार लगायतका बारे आआफ्नो सल्लाह तथा सुझाव दिएका थिए ।

कार्यत्रनम गलकोट नगरपालिकाका सामाजिक विकास समितिका संयोजक हिमबहादुर भण्डारीको अध्यक्षता, स्वास्थ्य शाखाका अस्पताल नर्सिङ निरीक्षक रिमा बोसेलको स्वागत र बौर आधारभूत स्वास्थ्य सेवा केन्द्रका प्रमुख गणेश सुनारको सञ्चालनमा सम्पन्न भएको थियो ।

---

## राजनीतिभन्दा...

सरकारको आलोचना गर्नुअघि पूर्वाधारको इतिहास पनि हेरौँ । वर्तमान सरकारमाथि प्रश्न उठाउनै नहुने भन्ने कुरा छैन । सरकारले जिम्मेवारीबाट उम्किन पाउँदैन । सत्ता भनेको अधिकार मात्र होइन, उत्तरदायित्व पनि हो । विपत् व्यवस्थापनमा कुनै कमजोरी भएको छ भने त्यसको समीक्षा हुनु पर्छ । लापर्बाही भएको छ भने जिम्मेवार व्यक्ति र निकायमाथि कारबाही हुनु पर्छ । राहतमा भ्रष्टाचार भएको छ भने कठोर प्रश्न उठाउनु पर्छ तर एउटा वस्तुनिष्ठ प्रश्न पनि सोध्नु पर्छ आज जुन पूर्वाधारको कमी देखिएको छ, त्यो वर्तमान सरकारले मात्र सिर्जना गरेको हो ?

आज कतै पुल कमजोर छ । कतै सुरक्षित आश्रयस्थल छैन । कतै पूर्वसूचना प्रणाली प्रभावकारी छैन । कतै उद्धारका लागि आवश्यक उपकरण छैन । कतै स्थानीय तहसँग आवश्यक स्रोत छैन । यी सबै समस्या एकै दिनमा जन्मिएका होइनन् । नेपालमा दसकौँदेखि सरकार बनिरहे, फेरिइरहे । विभिन्न दल सत्तामा आए । प्रधानमन्त्री बदलिइरहे । मन्त्री बदलिइरहे । नीति बने, योजना बने, बजेट आए तर प्राकृतिक प्रकोप व्यवस्थापनका लागि दीर्घकालीन र पर्याप्त भौतिक पूर्वाधार निर्माणमा राज्यले कति प्राथमिकता दियो ?

यो प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ । कुनै पहाडी जिल्लामा अहिले सडक बग्यो भने त्यसलाई वर्तमान सरकारको तत्कालीन कमजोरी मात्र भनेर निष्कर्ष निकाल्नु पर्याप्त हुँदैन । त्यहाँ किन टिकाउ सडक बनाइएन ? नदी नियन्त्रणका संरचना किन निर्माण भएनन् ? सुरक्षित पुलको योजना किन बर्सौंदेखि अधुरो रह्यो ? जोखिमयुक्त बस्ती स्थानान्तरण गर्ने नीति किन प्रभावकारी भएन ? स्थानीय विपत् व्यवस्थापन संयन्त्र किन कमजोर रह्यो ? यी प्रश्न अघिल्ला सरकारसँग पनि जोडिन्छन् ।

### विगतको विरासत

आज सामाजिक सञ्जालमा लेख्ने धेरै मानिसले वर्तमान सरकारको हरेक कमजोरी गन्ने गर्छन् तर विगतका सरकारको विरासतबारे कुरा गर्न चाहँदैनन् । किनकि त्यसो गर्दा आफ्नै राजनीतिक पूर्वाग्रह असहज हुन सक्छ । राज्यका समस्या सरकार परिवर्तनसँगै तुरुन्तै परिवर्तन हुँदैनन् ।

भौतिक पूर्वाधार निर्माण गर्न समय लाग्छ । बजेट लाग्छ । प्राविधिक तयारी चाहिन्छ । वातावरणीय अध्ययन गर्नु पर्छ । डिजाइन तयार गर्नु पर्छ । निर्माण गर्नु पर्छ । अनि मात्र एउटा प्रभावकारी संरचना तयार हुन्छ ।

हामी चाहिं के चाहन्छौं भने सरकार बनेको केही समयमै दसकौं पुरानो संरचनात्मक समस्या समाप्त होस् । यो अपेक्षा आफैँमा अव्यावहारिक छ । यसको अर्थ वर्तमान सरकारलाई उन्मुक्ति दिनु होइन, बरु वर्तमान सरकारको मूल्याङ्कन गर्दा तत्कालीन कार्यसम्पादन र विगतबाट प्राप्त समस्याको बिचमा फरक छुट्याउनु पर्छ । उदाहरणका लागि, आज विपत् आयो भने सरकारले उपलब्ध स्रोतको अधिकतम प्रयोग गर्‍यो कि गरेन ? उद्धार संयन्त्र परिचालन गर्‍यो कि गरेन ? सूचना व्यवस्थापन प्रभावकारी भयो कि भएन ? राहत वितरणमा पारदर्शिता थियो कि थिएन ? यी वर्तमान सरकारसँग जोडिने प्रश्न हुन् ।

सडक दसकौंदेखि कमजोर किन छ भन्ने प्रश्न चाहिं विगतका सरकारसँग पनि जोडिन्छ । यसरी बहुआयामिक मूल्याङ्कन नगरी केवल एउटा व्यक्ति, एउटा मन्त्री वा एउटा सरकारलाई सम्पूर्ण समस्याको जिम्मेवार देखाउनु राजनीतिक प्रतिक्रिया त हुन सक्छ, निष्पक्ष विश्लेषण भने हुँदैन ।

कतिपयलाई सरकारको कुनै पनि काम राम्रो हुनै सक्दैन । सरकारले गरे पनि गलत, नगरे पनि गलत । समयमा उद्धार भयो भने 'नाटक' भनिन्छ, ढिलो भयो भने 'असफलता' । राहत वितरण भयो भने 'प्रचारका लागि', भएन भने 'निकम्मापन' । यस्तो मानसिकताले वास्तविक बहसलाई मार्छ । नागरिक चेतनाको अर्थ सरकारको समर्थन वा विरोधमा स्थायी रूपमा उभिनु होइन ।

राम्रो कामलाई राम्रो भन्न सक्ने र गलत कामलाई गलत भन्न सक्ने क्षमता नै वास्तविक नागरिक चेतना हो । शाभारः गोरखापत्र

---

## तीन...

बैठकमा भएका छलफललाई तीनै पार्टीबीच थप छलफल गरी जनहित र जनजीविकाका विषयमा बृहत् छलफल तथा साझा प्रस्ताव निर्माण गर्दै आगामी दिनमा संयुक्त रूपमा अगाडि बढ्ने सहमति भएको छ । यसका लागि पुनः बैठक बस्ने निर्णयसमेत गरिएको छ ।

# मोटरबाटो सुधार गर्न स्थानीयको माग

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका अन्तर्गत पर्ने मल्म–पाण्डबखानी मोटरबाटोको वर्षातका कारण बिग्रिएकाले यस क्षेत्रका स्थानीय बासिन्दा तथा यात्रुहरूले दैनिक रुपमा ठूलो सास्ती भोग्नुपरेको छ ।

हिउँदमा धुलाम्मे र वर्षायाममा हिलाम्मे हुने यो सडकका कारण बाह्रै महिना साना तथा ठूला सवारीसाधन सञ्चालन हुन नसक्दा यहाँका बासिन्दाले ठूलो कष्ट व्हाेर्नुपरेको छ । वर्षायाम सुरु भएपछि यस क्षेत्रका ग्रामीण सडकहरू पूर्णरूपमा हिलाम्मे हुने र ठाउँ–ठाउँमा ठूला खाडलमा पानी जमेर पैदल हिँड्न समेत नसक्ने अवस्था सिर्जना हुने गरेको छ । सडकको पानी निकास गर्ने भरपर्दो ड्रेन (नाला) को व्यवस्था नहुनु र जथाभावी खनिएका ग्रामीण सडकहरूमा समयमै ग्राभेल तथा मर्मत नगरिँदा यो समस्या झन बढ्दै गएको छ ।

सडकमा जमेको हिलो पन्छाउन तथा आकस्मिक अवरोध हटाउन स्थानीय तहबाट कुनै पनि 'आकस्मिक तयारी' नहुँदा गम्भीर बिरामी तथा गर्भवती महिलालाई अस्पतालसम्म पुर्‍याउन ठूलो बाधा पुग्ने गरेको पाण्डबखानीवासीले गुनासो गरेका छन् ।

यस क्षेत्रमा संघीय सरकारको बजेटमार्फत मल्म–पाण्डबखानी–रमुवा मोटरबाटो कालोपत्रेको तयारी तथा केही खण्डमा विकासका कामहरू अघि बढिरहे तापनि, दैनिक आवतजावत गर्ने ग्रामीण सडकहरूको नियमित मर्मतसम्भारमा बेवास्ता गरिएको छ । विकासका ठूला योजना आउँदै गर्दा आधारभूत रूपमा सञ्चालनमा रहेका सहायक मार्गहरू भत्किएर जीर्ण बन्दा समेत स्थानीय सरकार मौन बसेको जनताको आरोप छ ।

जनताले बारम्बार मौखिक तथा लिखित गुनासो गर्दा पनि सम्बन्धित निकाय र स्थानीय तहले पर्याप्त ध्यान नदिएको बासिन्दाहरूको गुनासो छ । यात्रुहरूको सुरक्षित यात्राको ग्यारेन्टी गर्न, साना तथा ठूला सवारीसाधन सहजै चल्ने वातावरण बनाउन र तत्काल सडक मर्मतको कार्य अघि बढाउन वडा कार्यालय र गलकोट नगरपालिका समक्ष स्थानीय बासिन्दाले माग गरेका छन् ।

# रमुवामा घुम्ती शिविर

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नं. १० पाण्डबखानीको रमणीय गाउँ रमुवामा एकैदिन विभिन्न घुम्ती सेवा तथा वितरण कार्यक्रम सम्पन्न भएको छ ।

भौगोलिक रुपमा विकट मानिएको यस क्षेत्रका नागरिकलाई घरआँगनमै सरकारी सेवा उपलब्ध गराउने उद्देश्यले आयोजित कार्यक्रमबाट स्थानीय बासिन्दाहरूले प्रत्यक्ष लाभ उठाएका छन् ।

घुम्ती शिविरका क्रममा ७० जनाको सामाजिक सुरक्षा भत्ता नवीकरण गरिएको छ भने, ४५ जनाको मतदाता नामावली संकलन गरिएको छ । त्यसैगरी, शिविरमा ९८ जनालाई राष्ट्रिय परिचयपत्र कार्ड वितरण तथा १६ जनाको नयाँ राष्ट्रिय परिचयपत्र दर्ता गर्ने कार्य सफलतापूर्वक सम्पन्न भएको छ । यसअघि सामान्य कागजात बनाउन वा भत्ता नवीकरणका लागि समेत सदरमुकाम वा वडा कार्यालयसम्म भौंतारिनुपर्ने बाध्यता रहेकाले अब घरमै सेवा पाइएपछि स्थानीय बासिन्दाहरू अत्यधिक खुसी भएका छन् । स्थानीय बासिन्दा चक्र रानाले खुसी व्यक्त गर्दै भने, “यति धेरै कागजात बनाउन र सेवा लिन सदरमुकामसम्म जानुपर्ने बाध्यता अब हटेको छ, जनप्रतिनिधि र कर्मचारीहरू घरमै आएर सेवा दिनुभयो, हामीलाई धेरै राहत मिलेको छ ।”

कार्यक्रममा गलकोट नगरपालिका वडा नं. १० का वडा अध्यक्ष भक्तबहादुर काउचा, कार्यवाहक वडा सचिव सुमन खड्का, गलकोट नगरपालिकाका कार्यपालिका सदस्य रामप्रसाद विक, वडा सदस्य कुमार पुन, विवरण दर्ता अपरेटर यमनाथ ढकाल, घुम्टे सांस्कृतिक तथा प्राकृतिक संरक्षण मञ्चका अध्यक्ष दीप घर्ती, असिस्टेन्ट सब–इन्जिनियर ज्ञान बहादुर रावल, पत्रकार सुरेश छन्त्याल लगायतको आतिथ्यता तथा सहभागिता रहेको थियो ।

अनुकूल मौसम र स्थानीयको उत्साहजनक सहभागिताबीच सम्पन्न यस शिविरले दुर्गम क्षेत्रका नागरिकको सरकारी सेवामा पहुँच सहज बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ।

घरमै पुगेर सेवाप्रवाह गर्न पाउँदा जनप्रतिनिधि तथा कर्मचारीहरूले पनि खुसी व्यक्त गर्दै आगामी दिनहरूमा पनि नागरिकको घरदैलोमै सेवा पुर्‍याउने प्रतिबद्धता जनाएका छन् ।

# बाढी पीडितलाई आमा समूहको सहयोग

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नम्बर ५ मा रहेको शिवालय आमा समूहले भोटेकोशी बाढी प्रभावितहरूको उद्धार तथा राहतका लागि आर्थिक सहयोग गरेको छ ।

शिवालय आमा समूहमा आबद्ध दिदीबहिनीहरूले संकलन गरेको १ लाख ३८ हजार ७ सय २५ रुपैयाँ बाढी प्रभावितहरूको राहत तथा उद्धारका लागि सहयोगस्वरूप प्रदान गरिएको हो ।

आमा समूहका अध्यक्ष भगवती मल्लका अनुसार संकलित उक्त रकम ‘प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष’ मा जम्मा गरिएको छ । भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकलाई राहत पुगोस् भन्ने उद्देश्यले समूहमा आबद्ध दिदीबहिनीहरूले आपसी सहयोग तथा संकलनमार्फत रकम जुटाएको अध्यक्ष मल्लले बताइन । बाढीका कारण प्रभावित भएका नागरिकको उद्धार, राहत तथा पुन:स्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले आर्थिक सहयोग गरिएको समूहले जनाएको छ । साथै, भोलिका दिनमा समेत यस किसिमका सामाजिक कार्यलाई आमा समुहले निरन्तरता दिने जनाएको छ गलकोट नगरपालिका वडा नं ३ हटिया, स्याहालाका महिलाहरूले यस वर्षको हरितालिका तीज पर्वमा कुनै पनि सार्वजनिक कार्यक्रम नगर्ने निर्णय गर्दै त्यसको सट्टा भोटेकोशी बाढी प्रभावितहरूलाई आर्थिक सहयोग प्रदान गरेका छन्।धौलागिरी आमा समुह स्याहालामा आबद्ध दिदीबहिनीहरूले संकलन गरेको नगद रु ३४ हजार १५ रुपैयाँ चाडपर्वका नाममा हुने फजुल खर्च र तडकभडकलाई न्यूनीकरण गरी सामाजिक उत्तरदायित्व बहन गर्ने उद्देश्यले उक्त रकम बाढी प्रभावितलाई सहयोग गरिएको हो। धौलागिरी आमा समुह स्याहालाले संकलन गरेको सो रकम नेपाल सरकारको 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' मा जम्मा गरिएको छ । संकटको यस घडीमा बाढी प्रभावितहरूप्रति सहानुभुति प्रकट गर्दै गलकोटका महिलाहरूले चाडपर्वलाई सामाजिक सेवा र मानवीय सहायतासँग जोडेर उदाहरणीय कार्य गरेका छन्।

गलकोट नगरपालिका वडा नम्बर ४, चमुवा भगेरिखर्क स्थित सफल एकता आमा समूहले यस वर्षको हरितालिका तीज पर्वमा सार्वजनिक कार्यक्रम नगरी भोटेकोशी बाढी प्रभावितलाई आर्थिक सहयोग गरेको छ

आमा समूहका दिदीबहिनीहरूले तीजका अवसरमा हुने फजुल खर्च र तडकभडकलाई न्यूनीकरण गर्दै सामाजिक उत्तरदायित्व बहन गर्ने उद्देश्यले १५ हजार रुपैयाँ संकलन गरी सहयोग गरेका हुन् ।

संकलित रकम नेपाल सरकारको ‘प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष’मा जम्मा गरिएको समूहकी अध्यक्ष मनमाया नेपालीले जानकारी दिइन् ।

# दुदिलाभाटी इङ्लिस स्कुलद्वारा सहयोग

गलकोटपत्र/हटिया

दुदिलाभाटी इङ्लिस स्कुल गलकोट नगरपालिका वडा नं. १ ले बाढीपीडितलाई सहयोग गरेको छ ।

रसुवा, नुवाकोट तथा धादिङ जिल्लामा गत भदौ १० गते आएको विनाशकारी बाढीपहिरोबाट प्रभावित तथा विस्थापित नागरिकहरूको राहत तथा पुन:स्थापनाका लागि विद्यालय परिवारले ४५ हजार रुपैयाँभन्दा बढी आर्थिक सहयोग गरेको छ ।

विद्यालय परिवारले विपद्मा परेका नागरिकहरूको राहत, उद्धार तथा पुन:स्थापनामा सहयोग पुर्‍याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा कुल ४५ हजार ११ रुपैयाँ सहयोग गरेको हो । विद्यालयका शिक्षक तथा कर्मचारीहरूको तर्फबाट १५ हजार ५ सय ९० रुपैयाँ, विद्यालयको तर्फबाट ७ हजार ८ सय २१ रुपैयाँ तथा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीहरूको तर्फबाट २१ हजार ६ सय रुपैयाँ गरी उक्त रकम संकलन गरिएको विद्यालयले जनाएको छ ।

विपद्का कारण पीडित तथा विस्थापित नागरिकहरूको दु:ख र कठिन परिस्थितिप्रति ऐक्यबद्धता जनाउँदै विद्यालय परिवारले सामाजिक उत्तरदायित्वअन्तर्गत सहयोग गरेको जनाएको छ । संकटको समयमा एक–अर्काको दु:खमा साथ दिनु मानवताको सुन्दर परिचय भएको भन्दै विद्यालयले आफ्नो सानो सहयोगले राहत तथा पुन:स्थापनाको अभियानमा योगदान पुर्‍याउने विश्वास व्यक्त गरेको छ ।

सहयोग रकममा योगदान पुर्‍याउने सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी तथा अभिभावकप्रति विद्यालय परिवारले आभार समेत व्यक्त गरेको छ

## साहित्य सिर्जना

# नदी तिमी जीवन थियौ

\- बेलु थापा

कन्चन नदी तिमीलाई हेर्दा
हामीले पानी मात्र देखेनौँ,
देख्यौं त हिमालको काखबाट झरेको
शीतल जल र आशीर्वाद,
देवका सारा चरणहरु छोएर
हाम्रो आँगनसम्म आइपुगेको
पवित्र स्पर्श र आदर्श ।

तिम्रो किनार पुग्दा
हाम्रा शिरहरु आफैँ निहुरिन्थे,
जल अञ्जुलीमा लिएर
मनमनै प्रार्थना गर्थ्यौँ
तिमी बगिरहनू, हाम्रो जीवनमा
हरपल निर्मल कलकल यो जगतमा।

तिमीले त
पुस्तौनी कथा बोकेर अविराम हिँड्यौ,
बाजेका अस्तु पितृभूमितिर पुर्‍यायौ,
कति संस्कार, कति सम्झना
आफ्नो छातीमा राखेर समुद्रतिर लाग्यौ।

हामीलाई सधैं लाग्थ्यो
तिमी केवल नदी होइनौ,
हाम्रा संस्कृतिको संचार जीवन यात्रा हौ।
तर आज तिम्रो यही किनारमा उभिएर
आँखाले विश्वास गर्न सकेन
पहिले कञ्चन शान्त वहाव तिमी ,
अहिले किन यति क्रूर हुंकार भयौ?

पहिले जीवन धारा थियौ,
आज किन जीवन खोस्ने प्रहार भयौ?
हिजो तिमीले हाम्रा मृत पुर्खाहरुलाई
आफ्नो काखमा राखेर
समाधी हुदै पवित्र यात्रामा पठायौ,
आज किन हाम्रा जीवित सन्तानका सपना
आफ्नै छालमा च्यापेर मडारिदै
अज्ञात अकल्प यात्रातिर लग्यौ?
हे नदी! निरीह हामीमा
तिमीसँग रिसाउने साहस छैन,
तिम्रो दोषमा धम्काउने शब्द छैनन्
तर प्रश्नहरु भने अनेक छन् !

जुन त्यो बगरले र सधै हामीले
सायद युगौँसम्म सोध्न छोडने छैनौ ।
अस्तुलाई गंगासागर देखाउने तिमीले
किन आज मान्छेहरुकै जीवनलाई
बगरको बिनाशकारी बाटो देखायौ?
बिधवंसको तान्डव नाच देखायौ ?
जे देखायौ अमानवीय अति देखायौ
भुल्नै नसकिने मुटु फुट्ने खती देखायौ ।

# सिमखेतमा श्रद्धाञ्जली सभा

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नं. ३ सिमखेतमा श्रद्धाञ्जली सभा सम्पन्न भएको छ ।

गलकोट उद्योग वाणिज्य संघको आयोजनामा उद्योग वाणिज्य संघका उपमहासचिव सन्त बहादुर भण्डारीका बुवा तथा गलकोट उद्योग वाणिज्य संघका साधारण सदस्य सोम बहादुर भण्डारीको नवौं दिनको पूण्य तिथिको अवसरमा श्रद्धाञ्जली सभा सम्पन्न भएको हो ।

सभामा भण्डारीले समाज एवं संस्थामा पुऱ्याएको योगदान अविस्मरणीय रहेको र उनको सकारात्मक मार्गदर्शन भोलिका दिनमा सबैले सिक्नुपर्ने उल्लेख गरिएको थियो ।

गलकोट उद्योग वाणिज्य संघका अध्यक्ष ढालिन्द्रप्रसाद गौतमले श्रद्धाञ्जली फ्रेम वाचन गरी परिवारलाई हस्तान्तरण गरेका थिए ।

सभामा वाणिज्य संघका वर्तमान तथा निवर्तमान पदाधिकारीहरुको सहभागिता रहेको थियो ।
श्रद्धाञ्जली सभा गलकोट उद्योग वाणिज्य संघका अध्यक्ष ढालिन्द्रप्रसाद गौतमको अध्यक्षता र महासचिव श्यामसुन्दर श्रेष्ठको सञ्चालनमा सम्पन्न भएको थियो । स्वर्गीय भण्डारीको गत भदौ ९ गते ७६ वर्षको उमेरमा निधन भएको थियो ।

# नि:शुल्क माटो परीक्षण शिविर

गलकोटपत्र/हटिया

गलकोट माध्यमिक विद्यालय गलकोट नगरपालिका वडा नम्वर ३ हटियामा नि:शुल्क माटो परीक्षण शिविर सम्पन्न भएको छ ।

विद्यालयमा कक्षा ११ र १२ मा कृषि विज्ञानअन्तर्गत बाली विज्ञान विषय अध्ययनरत विद्यार्थीहरूले स्थानीय किसानहरूको माटो नि:शुल्क परीक्षण गरेका हुन् । शिविरमा गलकोट नगरपालिका वडा नम्बर ३, ६ र ७ लगायत विभिन्न वडाका किसानहरूले आफ्नो खेतबारीको माटो परीक्षण गराएका थिए । परीक्षणका क्रममा माटोको पीएच, नाइट्रोजन, पोटासियम र फस्फोरसको मात्रा जाँच गरिएको थियो ।

माटो परीक्षणका क्रममा अधिकांश किसानले अत्यधिक मात्रामा रासायनिक मल प्रयोग गर्ने गरेको पाइएको, केही माटोमा अम्लीय र क्षारीयपनको मात्रा बढी रहेको पाइएको विद्यालयका शिक्षक अमृत भण्डारीले जानकारी दिनुभयो ।

माटोको उर्वराशक्ति कायम राख्न किसानहरूलाई रासायनिक मलको प्रयोगलाई कम गर्दै प्राङ्गारिक मलको प्रयोग गर्न, समय-समयमा माटो परीक्षण गराउन र आवश्यकता अनुसार पोटास मलको प्रयोग गर्न आग्रह गरिएको थियो ।

विद्यार्थीहरूलाई प्रयोगात्मक तथा व्यवहारिक ज्ञान प्रदान गर्नुका साथै स्थानीय किसानलाई माटोको अवस्था र आवश्यक पोषक तत्वबारे जानकारी गराउने उद्देश्यले नि:शुल्क माटो परीक्षण शिविर सञ्चालन गरिएको विद्यालयले जनाएको छ ।

# खड्ग कालिकाको अधिवेशन

गलकोटपत्र/हटिया

खड्ग कालिका युवा क्लव गलकोट नगरपालिका वडा नं. ९ बाँसखोलाको अधिवेशन सम्पन्न भएको छ

क्लवको बैठक तथा भेलाको अवसरमा विष्णु बहादुर मल्लको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरिएको हो । नवगठित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा खगेन्द्रमान खत्री, उपाध्यक्षमा उदय थापा, महिला उपाध्यक्षमा शावित्रा मल्ल राना, सचिवमा ईश्वर गौतम, कोषाध्यक्षमा बाबुराम विक र सह-सचिवमा लक्ष्मी गौतम सदस्यहरूमा चन्द्र बहादुर विक, कृष्ण गौतम, अमित राना र एल्सन राना रहेका छन ।यसैगरी, छमबहादुर रानाको संयोजकत्वमा ७ सदस्यीय सल्लाहकार समिति समेत गठन गरिएको छ । सल्लाहकार समितिको सदस्यमा चिराग राना, शिशिरबम मल्ल, तेजबहादुर थापा, चक्रवर्ती शर्मा, कृष्णप्रसाद गौतम र मेघराज शर्मा रहेका छन ।कार्यक्रममा बोल्दै गलकोट नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष तेज बहादुर थापाले युवा क्लव समाजको विकास र सामाजिक रूपान्तरणका लागि महत्वपूर्ण आधार तथा मेरुदण्डका रूपमा रहेको बताउनुभयो । उहाँले क्लवले युवाहरूलाई सकारात्मक र सिर्जनात्मक गतिविधिमा जोड्दै सामाजिक कामलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए । कार्यक्रममा क्लवका उपाध्यक्ष खगेन्द्रमान खत्रीले मन्तव्य राखेका थिए ।

कार्यक्रम क्लवका अध्यक्ष छमबहादुर रानाको अध्यक्षता र सचिव ईश्वर गौतमको सञ्चालनमा सम्पन्न भएको थियो ।

# नेकपाको वडा अधिवेशन

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नं. ११ रिघामा नेपाली कम्युनिष्ट पार्टीको वडा अधिवेशन सम्पन्न भएको छ ।

अधिवेशनले अधिवेशनले तिल बहादुर श्रीसको अध्यक्षतामा २१ सदस्यीय नयाँ वडा कार्य समिति सर्वसम्मतिले चयन गरेको छ । समितिको उपाध्यक्षमा सरिता थापा, सचिवमा पूर्ण बहादुर थापा, कोषाध्यक्षमा राजु राकसकोटी, सहसचिवमा चन्द्र बहादुर भुजेल रहेका छन

कार्यक्रममा पार्टीका केन्द्रिय सदस्य फमलाल निउरे, ज्ञामनाथ गैरे अनिल, केन्द्रिय सदस्य तथा गलकोट नगर ईन्चार्ज हर्क थापा लगायतले पार्टी सुदृढीकरण र वडाको विकासका विषयमा मन्तव्य राखेका थिए । नवनिर्वाचित कार्य समितिको तर्फबाट उपाध्यक्ष सरिता थापाले रिघाको समग्र विकास र पार्टी संगठन विस्तारका लागि दृढ प्रतिवद्धता व्यक्त गरेकी थिइन । त्यस्तै गलकोट सहइन्चार्ज शेर बहादुर खड्काले नवनिर्वाचित कार्य समितिलाई बधाई तथा सफल कार्यकालको शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रम गलकोट नगरपालिका वडा नं. ११ पार्टी संयोजक तिल बहादुर श्रीसको अध्यक्षता, सहसचिव पूर्ण बहादुर थापाको स्वागत र नारायण घर्तीको सञ्चालनमा सम्पन्न भएको थियो ।

# बाढी प्रभावितलाई न्यूलाइफको सहयोग

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नम्वर ६ मा रहेको न्यु लाइफ बोर्डिङ सेकेन्डरी स्कुलले रसुवा, नुवाकोट र धादिङमा गएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनर्स्थापनाका लागि ७० हजार रुपैयाँ सहयोग गरेको छ

गत भदौ १० गते बुधबार आएको बाढीबाट प्रभावित तथा विस्थापित परिवारप्रति मानवीय ऐक्यबद्धता जनाउँदै विद्यालय परिवारले उक्त सहयोग रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको विद्यालयले जनाएको छ । विद्यालयका सम्पूर्ण शिक्षक तथा कर्मचारीहरूको तर्फबाट ४३ हजार ७ सय ३४ रुपैयाँ र कक्षा ३ देखि १० सम्म अध्ययनरत विद्यार्थीहरूको तर्फबाट २६ हजार २ सय ६६ रुपैयाँ संकलन गरी कुल ७० हजार रुपैयाँ सहयोग गरिएको विद्यालयले जनाएको छ ।

विपत्तिमा परेका नागरिकको राहत तथा पुनर्स्थापनामा केही सहयोग पुगोस् भन्ने उद्देश्यले मानवीय सहयोग अभियान सञ्चालन गरिएको विद्यालयले जनाएको छ । विद्यालयले सहयोग अभियानमा साथ तथा योगदान पुऱ्याउने सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी तथा अभिभावकप्रति धन्यवाद व्यक्त गरेको छ ।

# गलकोट समाजबाट सहयोग

गलकोटपत्र/हटिया

रसुवा जिल्लामा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकहरूको राहत तथा पुन:स्थापनाका लागि गलकोट समाज पोखराले रु. २ लाख ७५ हजार ५ सय ५५ आर्थिक सहयोग गरेको छ ।

बाढीपीडित नागरिकहरूको उद्धार, राहत तथा पुन:स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले समाजले सञ्चालन गरेको सहयोग अभियानमार्फत विभिन्नुभयोन व्यक्ति, सदस्य तथा शुभेच्छुकहरूबाट संकलित रकम प्रधानमन्त्री राहत कोषमार्फत सहयोग गरिएको हो ।

रकम हस्तान्तरण कार्यक्रममा गलकोट समाज पोखराका संरक्षक, सल्लाहकार, कार्यसमिति पदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो । समाजले सञ्चालन गरेको सहयोग अभियान तथा रकम हस्तान्तरण सम्बन्धी जानकारी समाजका महासचिव लिलबहादुर खत्री बबिनले गराएका थिए

विपद्को यस कठिन घडीमा रसुवाका बाढीपीडित परिवारहरूको पीडामा साथ दिने उद्देश्यले सञ्चालन गरिएको अभियानमा सहयोग गर्नुहुने सम्पूर्ण सहयोगदाता, सदस्य तथा शुभेच्छुकहरूप्रति गलकोट समाज पोखराले हार्दिक आभार व्यक्त गरेको छ

मानवीय सेवाको भावना र सामाजिक उत्तरदायित्वलाई आत्मसात् गर्दै गरिएको यस सहयोगले बाढीबाट प्रभावित नागरिकहरूको राहत तथा पुन:स्थापनामा केही भए पनि योगदान पुग्ने विश्वास समाजले व्यक्त गरेको छ ।

१) नगरपालिका भित्र व्यापार व्यवसाय सञ्चालन गर्नु पूर्व नगरपालिकामा दर्ता गरेर मात्र व्यापार व्यवसाय गर्ने पद्दतीको विकास गरौं ।
२) दर्ता भएका व्यापार व्यवसायहरुको प्रत्येक वर्ष नियमानुसारको दस्तुर तिरी समयमा नै नविकरण गरीथप दस्तुर तिर्नबाट बचौं ।
३) सम्पत्ति तथा भूमि सम्बन्धी कर अनिवार्य रुपमा पौष मशान्त भित्र चुक्ता गरौं ।
४)घर भाडामा प्रयोग गर्न दिइएका घर धनीले नियमानुसार लाग्ने घरभाडा वापतको रकम समयमा नै चुक्ता गरौ ।
५) नगरभित्र फुटपाथ तथा घुम्ती व्यापार गर्नु पूर्व नगरपालिकको स्वीकृति लिएरमात्र गरौं ।
६)सबै प्रकारका कर दस्तुर र सेवा शुल्क वापतको नगरपालिकामा बुझाउनु पर्ने रकम पौष मशान्त भित्र चुक्ता गरेर थप दस्तुर र जरिवाना तिर्नबाट बचौं ।
७) समयमै कर तिरौं, समृद्ध नगर निर्माण गर्ने कार्यमा हामी सबैले योगदान गरौं ।

गलकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गल्कोट बागलुङ

## बाल अधिकारको संरक्षण गरौं

- बालबालिकाको अधिकारको सम्मान गरौं,
- बालश्रम, बालविवाह, बालहिंसा तथा सबैप्रकारका शोषणको अन्त्य गरौं,
- बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,
- बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,
- बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,
- बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,
- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,

समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

गलकोट सूचना तथा सञ्चार सहकारी संस्था लिमिटेडहद्वारा प्रकाशित गलकोटपत्र साप्ताहिकका लागि : अध्यक्ष-विरेन्द्र श्रेष्ठ, सम्पादक- दिनेश पन्त, व्यवस्थापक- शर्मिला रोका मगर, कार्यकारी सम्पादक-वीरबहादुर चोखाल (९८५७६२५४४५)
कम्प्यूटर- सुमित कुँवर, ९८५७६२२३७२, कार्यालय : गलकोट नगरपालिका-३, हटिया, फोन नं.: ०६८-४१२०४२, ४१२०४३, ईमेल-galkotpatra@gmail.com, मुद्रण: नमुना अफसेट प्रेस, बागलुङ